का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ असार २०८१,
शनिबार
22 June 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न






# दलको झण्डा बोक्नेलाई राजदूत

राजदूत राष्ट्रको दूत हो । उसले औपचारिकरुपमा मात्र होइन, सबै किसिमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ । तर औपचारि करुपमा राष्ट्रको, व्यावहारिकरुपमा दल वा सीमित नेताको प्रतिनिधित्व गर्ने दूतले सवल तरिकाले मुलुकको प्रतिनिधित्व गर्न सक्दैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ असार ।

सरकारले विभिन्न ८ देशका लागि राजदूत सिफारिस गरेको छ । सत्तारुढ दलको भागवण्डामा परेकाहरूलाई शुक्रबार बसेको मन्त्रिपरिषदको बैठकले राजदूतमा सिफारिस गरेको हो । गत जेठ २५ गते सरकारले बिभिन्न ११ देश ( भारत, अमेरिका, बेलायत, दक्षिण कोरिया, पोर्चुगल, इजरायल, साउदी अरब, मलेसिया, डेनमार्क, कतार र स्पेन) का राजदूत फिर्ता गरेको थियो ।

१२ दिनपछि सरकारले ति ११ देशमध्ये आठ देशमा राजदूत सिफारिस गरेको हो । ११ राजदूत मध्ये नेकपा एमालेको भागबाट ८ जना, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ जना र नेकपा माओवादी केन्द्रबाट १ जना सिफारिस गर्नेगरी भागबण्डा भएको थियो । त्यस मध्ये ८ जनाको नाम शुक्रबार मन्त्रिपरिषद्ले सिफारिस गरेको हो ।

भारतका लागि नेपाली राजदूतमा पूर्वमुख्यसचिव लोकदर्शन रेग्मीको नाम सिफारिस भएको छ । अमेरिकाका लागि नेपाली राजदूतमा पूर्वसचिव चन्द्र घिमिरे र बेलायतका लागि डा. विजन पन्त सिफारिस भएका छन् ।

अष्ट्रेलियाको न्यू साउथ वेल्सका लागि सञ्जीवकुमार शर्मा र भिक्टोरियाका लागि निराजन गौलीलाई अवैतानिक राजदूत नियुक्त गर्ने निर्णय भएको छ ।

दक्षिण कोरियाका लागि सुशील प्याकुरेल, डेनमार्कका लागि सुम्निमा तुलाधर, स्पेनका लागि पुष्पराज रञ्जितकार, मलेसियाका लागि नेत्रप्रसाद तिमल्सिना र साउदी अरबका लागि नेपाली राजदूतमा अबुसुफ्यान खान सिफारिस भएका छन् ।

नेताहरूका अनुसार सत्तारुढ दलहरूको भागबन्डाअनुसार राजदूत सिफारिस गरेको हो । राजदुतावास दुई देशबीचको सम्बन्धका लागि स्थापित गरिएका हुन् । तर, यसको न्युनतम मान्यतालाई समेत >>> पृष्ठ २ मा

# पुराना दललाई पछ्याउँदै रास्वपा

मुलुकका प्रभावशाली व्यक्तिहरुलाई केन्द्रीय कार्यालयमा बोलाएर पार्टीको स्थापना दिवस मनाउने पुरानो दलहरुकै सिको रास्वपाले पनि गरेको छ । जबकि पुराना दलहरु भन्दा भिन्न रहेको दाबीसहित रास्वपाले सत्ता यात्राको सफलता पाएको हो ।




**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ७ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले शुक्रबार प्रमुख राजनीतिक दलका नेताहरु केन्द्रीय कार्यालयमा बोलाएर दोस्रो स्थापना दिवस मनाएको छ । पुरानै दलहरुको सिको गर्दै रास्वपाले स्थापना दिवसमा प्रमुख नेताहरुलाई बोलाएको थियो ।

रास्वपाको निम्तो मान्न प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली लगायत शीर्ष नेताहरु पुगेका थिए । आफ्नो कार्यालय आइपुगेका नेताहरुलाई घण्टी बजाउन लगाएर उत्सवको सन्देश दिन खोजिएको थियो ।

यसरी स्थापना दिवस मनाउनु नेपाली राजनीतिको परम्परागतशैली नै हो । शक्तिशाली नेताहरुलाई बोलाउने, मिठोमसिनो खुवाउने, शुभकामना लिने/दिने शैली पुरानै नेताहरुको सिको हो । उपप्रधान सहितको मन्त्रालय लिएर सरकारमा रहेको दल भएकाले यस्तो शैली स्वभाविक पनि मानिएला ।

तर टेलिभिजन प्रस्तोताको जागिर छोडेर ७ असार २०७९ मा पार्टी घोषणा गरिरहँदा सभापति रवि लामिछानेले पुराना दलहरु भन्दा भिन्न हुने घोषणा गरेका थिए । पुराना दलहरुबाट देश नबन्ने निष्कर्ष सुनाएरै २०७९ मंसिरको चुनावमा अप्रत्यासित मत पाएको थियो ।

तर २१ सिट सहित संसद्को चौथो ठूलो दल बनेपछि रास्वपाले ठूला र परम्परागत दलहरुकै सिको गर्न थालेको थियो । जसरी पनि सत्तामा जाने शैलीबाटै रास्वपा पनि पुरानै दलहरुजस्तो रहेको टिप्पणी हुन थालेको थियो ।

अझ सभापति लामिछानेमाथि अनेक आरोप लाग्न थालेपछि यो पार्टीले सत्ता कुनै हालतमा नछोड्ने रणनीति अख्तियार गर्न थाल्यो । जबकी रास्वपाले राज्य सत्ताको दुरुपयोग नगर्ने प्रतिबद्धता गरेको थियो । 'कुनै पनि बहानामा राज्यको स्रोत साधन र शक्तिको दुरुपयोग गर्दैनौ । अनावश्यक रुपमा विदेश भ्रमण गर्दैनौं र विदेशमा स्वास्थ्य उपचारका लागि सम्पत्तिको प्रयोग गर्दैनौं', रास्वपाले नगर्ने प्रतिबद्धताको ५ नम्बरमा उल्लेख गरिएको थियो ।

तर स्थापनाको दोस्रो वर्ष मनाइरहँदा पनि सभापति लामिछाने आरोपले थिचिएकै छन् भने उपप्रधान एवं गृहमन्त्रालय छोडेका छैनन् । नागरिकता र राहदानी दुरुपयोग सम्बन्धी मुद्दा परेकै बेला लामिछानेलाई गृह मन्त्रालय >>> पृष्ठ २ मा

# ६२ वर्षपछि मोहीयानी हक खारेज

२०२१ सालमा किसानलाई जमिन दिने गरी उपभोग गरिरहेको जग्गामा मोहीयानी हक लाग्ने कानून बनेको थियो । ६२ वर्षपछि यसको अस्तित्व नरहने गरी सरकारले नीति अख्तियार गरेको छ ।



"२०५२ सालभन्दा अगाडि मोही कायम भएर प्रमाणित भएका चाहे गुठीका मोहीहरू हुन्, चाहे अन्य क्षेत्रका मोहीहरू हुन् । उनीहरूलाई मोही कायम गराएर २०८३ सालसम्म द्वैध स्वामित्व अन्त्य गर्ने कुरामा सरकार लागेको छ ।

**बलराम अधिकारी**
**भूमि व्यवस्थामन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, ७ असार ।

मोहीयानी हक खारेज हुने भएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीका अनुसार २०५२ सालयता मोहियानी हक कायम नहुने कानुनी व्यवस्था छ ।

'त्यो भन्दा अगाडि (२०५२ साल भन्दा अगाडि) मोही कायम भएर प्रमाणित भएका चाहे गुठीका मोहीहरू हुन्, चाहे अन्य क्षेत्रका मोहीहरू हुन् । उनीहरूलाई मोही कायम गराएर द्वैध स्वामित्व अन्त्य गर्ने कुरामा सरकार लागेको छ' मन्त्री अधिकारीले भने ।

बिहीबार प्रतिनिधि सभाको बैठकलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले सरकारले आगामी दुई वर्षभित्र जग्गामा द्वैध दोहोरो स्वामित्व अन्त्य गर्ने लक्ष्य लिएको जानकारी दिए ।

यसका लागि हालसम्म सूचना संकलन गर्ने, मालपोत कार्यालयहरुमा पत्राचार गर्ने र कानुन निर्माणको काम अगाडि बढेको बताए ।

'भूमिमा रहेको द्वैध स्वामित्व अन्त्य गर्नको निम्ति अहिले सूचना जारी भएको छ र त्यो प्रक्रिया अगाडि >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रम मन्त्रालयमा भएको छलफलप्रति संघ आशावादी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार क्षेत्रमा लामो समयदेखि समाधान नभएका विषयहरुमा समाधान खोज्न अग्रसर भएको बताएको छ ।

शुक्रबार श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालको कार्यकक्षमा पूर्वश्रम मन्त्रीहरु, सचिव तथा सम्बन्धित निकायका विभागीय प्रमुखहरुबीच भएको विशेष छलफलमा मन्त्री अर्यालले लामो समयदेखि रहेका समस्याहरुको सकेसम्म छिटो समाधान दिने बताएका छन् ।

संघका महासचिव मेघनाथ भुर्तेलका अनुसार सो अवसरमा सेवा शुल्क र कामदारको लागत निर्धारण, वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यकारी व्यवस्थाको पूर्णकालीन अन्त्य, मागपत्र प्रमाणीकरणमा सहजीकरण, संगठित क्षेत्रमा महिला तथा घरेलु कामदार पठाउन पाउने स्पष्ट नीति, समयसापेक्षरुपमा वैदेशिक रोजगार ऐन २०६४ मा परिमार्जनलगायत नीतिगत तथा व्यावहारिक समस्याको समाधानलगायत आधा दर्जन बढी विषयमा छलफल भएको थियो । छलफलमा सुधार र कानूनी अड्चनका लागि मन्त्री अर्यालले यसअघिभन्दा लचिलो दृष्टिकोण राखेको उनले बताए ।

बिहीबार राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा मागपत्र प्रमाणकिरण, श्रम स्वीकृति र फ्रि भिसा फ्रि टिकटमा बेथिति रहेको भन्दै नीति सुधारका लागि पनि काम भइरहेको बताएका थिए । शुक्रबारको छलफलमा मन्त्री अर्यालले समस्या पालेर नबस्ने भन्दै सकेसम्म चालु आर्थिक वर्ष नभए साउनको पहिलो हप्ताभित्र धेरै निर्णय गरिसक्ने बताएको पनि महासचिव भुर्तेलले जानकारी दिए ।

छलफलमा संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा विभिन्न राजनीतिक पार्टीका घटक तथा शुभेक्षुक संघ संस्थाका प्रतिनिधि, क्षेत्रीय, भेगीय, जातीय संघ संस्थाका प्रतिनिधिहरु, संघका पूर्वअध्यक्षहरु, कार्यसमिति पदाधिकारीहरु एवम् सदस्यहरु, संघका सल्लहकारहरु, अग्रज व्यवसायीहरु सहभागी रहेका थिए । संघले मन्त्रालयमा भएको अन्तरङ्ग छलफलको >>> पृष्ठ २ मा

## बाँकेमा वैदेशिक रोजगार ठगीको उजुरी बढ्दो

**नेपालगञ्ज/रासस-** बाँकेमा वैदेशिक रोजगारीमा जानेलाई ठगी गर्नेविरुद्ध उजुरी गर्नेको संख्या बढ्दै गएको छ । सुरक्षित आप्रवासन (सामी) कार्यक्रमअन्तर्गत जिल्ला प्रशासन कार्यालय बाँकेमा सञ्चालित आप्रवासी स्रोत केन्द्रमा आर्थिक वर्ष २०७७/०७८ मा आठ उजुरी परेकामा आव २०८०/०८१ मा त्यो संख्या ४७ पुगेको सामी कार्यक्रम बाँकेका संयोजक कमलसिंह नेपालीले जानकारी दिए । यो कार्यक्रम यहाँका चार स्थानीय तहमा सञ्चालित छ ।

वैदेशिक रोजगारीमा जानेलाई एउटा काम भनेर अर्को काममा लगाउने, एउटा कम्पनी भनेर अर्को कम्पनीमा लैजाने र जानुपूर्व दिने भनिएको तलबभन्दा न्यून तलब दिने समस्या रहेको बताइएको छ । 'सामी कार्यक्रम >>> पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रेस विज्ञप्ति

विगत केही समयदेखि पत्रकार, सामाजिक अभियन्ता र युट्युबर हुँ भनि केही व्यक्तिहरु विभिन्न वैदेशिक रोजगार व्यवसायी संस्थाका सञ्चालक तथा कर्मचारीलाई हातपात, गाली गलौज गर्ने, धम्क्याउने, हुल हुज्जत गर्ने, संस्थाका कार्यालय र सामान तोडफोड गर्ने, व्यवसायीको चरित्र हत्या गर्ने उद्देश्य राखी विभिन्न अडियो तथा भिडियो रेकर्डिङ गर्नेलगायतका कार्यहरु गर्ने गरेको विषयमा संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा पर्याप्त रोजगारीको अवसर नहुँदासम्म बेरोजगार युवायुवतीको रोजगारी व्यवस्थापन गर्ने एउटै मात्र विकल्पका रुपमा वैदेशिक रोजगार व्यवसाय स्थापित छ । राज्यका सम्बन्धित निकायमा कानून बमोजिम दर्ता भइ राज्यले तोकेको धरौटी राखी व्यवसाय गर्न इजाजत लिएर सञ्चालन भइरहेका वैधानिक संस्था हुन् । व्यवसायीहरुले आफ्ना संस्थाहरुमा हजारौं मानिसलाई रोजगारी दिएका छन् भने वार्षिकरुपमा करोडौं रुपैंया राजस्व तिरिरहेका छन् । वैदेशिक रोजगार ऐन २०६४ को अधिनमा रही व्यवसायीहरुले आफ्नो निजी प्रयास र लगानीमा बजार प्रवर्द्धन गरी विश्वका विभिन्न देशबाट मागपत्र ल्याइ सोही मागपत्रका आधारमा कामदार पठाउने र व्यवसायीले वैदेशिक रोजगारमा पठाएका कामदारहरुले पठाएको रेमिट्यान्सबाट देशको अर्थतन्त्र चलेको छ भने देशको कूल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारको योगदान ३३ प्रतिशतभन्दा बढी रहेको तथ्य सबैलाई जानकारी भएकै विषय हो । नेपालको कूल जनसंख्याको ६० प्रतिशत घरधुरी वैदेशिक रोजगारमा गएका कामदारले पठाएको रकमबाट जीविकोपार्जन गरिरहेका छन् । वैदेशिक रोजगारमा कामदार पठाउने क्रममा व्यवसायीले नचाहँदा नचाहँदै परिस्थितिजन्य भैपरी आउने घटनाहरु सिर्जना हुन सक्दछ । यसै अवस्थाको पेरिफेरिमा रहेर व्यवसायीले पठाएका केही कामदारले सम्झौताअनुसारको तलब नपाएको र कामदार फर्किएको भन्ने विषयलाई मुद्दा बनाइ आफूलाई पत्रकार, युट्युबर, सामाजिक अभियन्ता भन्ने केही उच्छृंखल जमातले केही व्यवसायीलाई गरेको व्यवहार कानूनको गम्भीर उल्लंघन र भर्त्सनालायक कार्य भएकाले कानून हातमा लिने जो कोहीलाई पनि कारबाही गर्न नेपाल सरकारसमक्ष जोडदार माग गरिन्छ ।

व्यवसायी आफूले पठाएका कामदारप्रति पूर्ण जवाफदेही छन्, फर्किएका कामदारको समस्या समाधान गर्न प्रतिबद्ध पनि छन् र गरिरहेका पनि छन् । कुनै व्यवसायीले विदेश पठाएका कामदार तलब भत्ता नपाएर बिचल्लीमा परे कामदारलाई तलब भत्ता दिलाउन र उद्धार गर्नुपर्ने भए उद्धार गरिरहेको र भविष्यमा पनि गर्ने छन् । कुनै व्यवसायीले कामदारलाई सम्झौताअनुसार तलब, भत्ता, सुविधा नदिलाए, उद्धार गर्नुपर्नेमा उद्धार नगरे फर्किएका कामदारलाई क्षतिपूर्ति नदिए वैदेशिक रोजगार विभागलगायतका नियामक निकायले त्यस्ता व्यवसायीलाई कानूनको दायरामा ल्याइ व्यवसायीले राखेको धरौटी कटाइ क्षतिपूर्ति दिने, उद्धार गर्ने र व्यवसायीलाई कारबाही गर्दा संघले पूर्ण सहमति जनाएकै छ । कुनै पनि नाम वा आवरणमा कसैले पनि कानून हातमा नलिन सचेत गराउँदै कानूनको बर्खिलाप हुने गरी गैरकानूनीरुपमा व्यवसाय र व्यवसायी उपर आक्रमण भएमा यस संघ अझै सशक्त प्रतिकारमा उत्रने, साथै कानून हातमा लिने, लिन खोज्ने व्यक्ति तथा समूहलाई कारबाही गरी व्यवसायीको सुरक्षा गर्नका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

**राजेन्द्र भण्डरी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

# दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न उच्चस्तरीय छलफल



**काठमाडौं/मस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवालाई पूर्ण क्षमतामा सञ्चालन गर्नेबारे उच्चस्तरीय छलफल गरेका छन् ।

शुक्रबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले २ वटै अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने विकल्प र उपायहरूबारे छलफल गरेका हुन् ।

छलफलमा प्रधानमन्त्रीले २ वटै विमानस्थल राष्ट्रिय गौरवका आयोजना र देशका लागि रणनीतिक महत्वका परियोजना भएकोमा जोड दिँदै विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका निम्ति सरकारका सम्पूर्ण निकायले समन्वयकारी रूपमा समाधान खोज्नुपर्ने बताए । प्रधानमन्त्रीले भने,'पोखरा र भैरहवा एयरपोर्ट राष्ट्रिय गौरवका परियोजना हुन्। यी परियोजना निर्माणमा राज्यको ठूलो लगानी पनि भइसकेको छ। निजी क्षेत्रले समेत पर्यटन पूर्वाधारमा लगानी गरिसकेको छ। यस्तो परिस्थितिमा यी विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालन गर्नुको अर्को कुनै बिकल्प छैन। पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले गम्भीरतापूर्वक तयारी गर्नुस् र विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालनको ठोस प्रस्ताव छिटै ल्याउनुहोस् ।'

छलफलमा प्रधानमन्त्रीले केही सहुलियत दिएर र सरकारी सेवाको विस्तार गरेर विमानस्थल पूर्ण क्षमतामा सञ्चालनको खाका ल्याउन निर्देशन दिए ।

उनले भने, 'काठमाडौं एयरपोर्टमा एयर ट्राफिकको समस्या छ । यसको उचित समाधान दिनुपर्ने हुन्छ । अर्कोतर्फ काठमाडौं एयरपोर्टको सुधार र क्षमता विस्तारको काम पनि हुँदैछ । यही बेला भैरहवा र पोखराबाट अन्तर्राष्ट्रिय उडान भर्ने गरी आवश्यक तयारी गर्नुपर्छ । वैदेशिक रोजगारीमा जाने नेपाली यात्रुहरू र अन्य यात्रुहरूलाई भैरहवा र पोखराबाटै उडान गराउने गरी तयारी गर्नुपर्छ । त्यसका लागि मेडिकल, श्रम स्वीकृति, अध्यागमन लगायतका सरकारी सेवा पोखरा र भैरहवामा व्यवस्थित गर्नुपर्छ । भिसा सेन्टरका लागि कुटनीतिक पहल गर्नुपर्छ ।'

प्रधानमन्त्री प्रचण्डले थपे,'विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि केही सहुलियत दिनुपर्ने हुन्छ । हवाइ टिकट, ग्राउण्ड ह्याण्डलिङ, हवाइ इन्धनमा केही सहुलियत दिउँ । निजी क्षेत्रसँग पनि समन्वय गरेर होटल लगायतमा सहुलियत प्याकेजका निम्तिसमेत अनुरोध गरौं । सरकारको तर्फबाट गर्नुपर्ने आवश्यक कुटनीतिक पहल पनि गरिन्छ । पर्यटन मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणले आवश्यक गृहकार्य गर्नुस्। अरू मन्त्रालय र निकायसँग पनि समन्वय गर्नुस्। अनि छिट्टै हामी एउटा निष्कर्षमा पुग्छौं ।'

छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले आफूहरूले आवश्यक गृहकार्य गरेर विमानस्थलहरू पूर्ण क्षमतामा सञ्चालन गर्ने सम्बन्धी ठोस प्रस्ताव प्रस्तुत गर्ने बताए ।

पर्यटन मन्त्रालयका सचिव डा.गणेशप्रसाद पाण्डेले सहुलियतपूर्ण प्याकेजसहितका विकल्पमा छलफल गरेर ठोस प्रस्ताव प्रस्तुत गरिने बताउँदै दुवै विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका निम्ति मन्त्रालयको तर्फबाट विदेशी विमान कम्पनीहरूसँग पनि छलफल भइरहेको बताए । प्रधानमन्त्रीले बोलाएको छलफलमा मन्त्री तामाङ, मुख्यसचिव डा. बैकुण्ठ अर्याल, पर्यटन सचिव डा. पाण्डे, वाणिज्य सचिव दिनेशकुमार घिमिरे, राजस्व सचिव डा. रामप्रसाद घिमिरे, श्रम सचिव घनश्याम उपाध्याय, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी लगायत थिए ।

# बेरोजगारी समस्या समाधान गर्न उद्यम विकासमा जोड



**मध्यान्ह संवाददाता**
अर्घाखाँची, ७ असार

वनमा आधारित उद्यम विकासबाट आम्दानी र रोजगारीमा वृद्धि गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । डिभिजन वन कार्यालय अर्घाखाँचीले सन्धिखर्कमा आयोजना गरेको वनमा आधारित उद्यम विकासका लागि सरोकारवालाहरुसँगको अन्तरक्रियामा सहभागीहरुले देशमा वनमा आधारित उद्यम विकास गर्न सकिने प्रशस्त सम्भावना भएपनि सरकारको प्राथमिकतामा नपरेको गुनासो गरे ।

वनलाई उद्यमसँग जोडेर लैजान सके वन क्षेत्रको स्रोतको प्रयोग भइ रोजगारी वृद्धि हुने, वनजन्य बस्तुको सदुपयोग हुने, निर्यात प्रवर्द्धन तथा आयतलाई प्रतिस्थापन गर्दै देशको आर्थिक तथा सामाजिक विकासमा योगदान गर्न सकिने सम्भावना रहेको सरोकारवालाहरुले बताए ।

कार्यक्रममा डिभिजन वन कार्यालय अर्घाखाँचीका सिनियर डिभिजन वन अधिकृत ईश्वरीप्रसाद पौडेलले देशको करिब ४५ प्रतिशत वन क्षेत्र रहेको र त्यसमध्ये करिब १५ प्रतिशत वन क्षेत्र लुम्बिनी प्रदेशमा रहेकाले त्यसको समुचित प्रयोग गरी उद्यम गर्न सकिने प्रशस्तै सम्भावना रहेकोले अहिले समृद्धिका लागि वन कार्यक्रम अगाडि बढेको बताए ।

लुम्बिनी प्रदेशमा ३ हजार २ सय ५९ वटा वनजन्य उद्योग दर्ता भएकोमा त्यसमध्ये ८२ प्रतिशत अर्थात् २ हजार ६ सय ८१ वटा उद्योग सञ्चालनमा रहेको अधिकृत पौडेलले बताए ।

अर्घाखाँचीमा पछिल्लो दुई वर्षको तथ्यांक हेर्दा टिमुर दालचिनी १ लाख २४ हजार ६ सय ४७ किलो संकलन भएको र त्यसबाट करिव ७० लाख रुपैयाँ किसानले आम्दानी गरेको तथ्यांक प्रस्तुत गर्दै डिभिजन वन अधिकृत पौडेलले त्यसलाई व्यवस्थित गर्न सकेमा यो आम्दानी र उत्पादनलाई ६ गुणासम्म वृद्धि गर्न सकिने पौडेलले बताए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै कृषि विकास बैंक अर्घाखाँचीका प्रवन्धक दुर्गा प्रसाद खनालले समृद्धिका लागि वन परियोजना अन्तर्गत वनमा आधारित उद्योग सञ्चालनका लागि सरकारले सहुलियत ऋणको व्यवस्था गरिएको बताए ।

उनले सरकारले लुम्बिनी र मधेश प्रदेशमा २५ करोड ऋण छुट्टाएकोमा अर्घाखाँचीमा कर्जा प्रवाह प्रक्रिया अगाडि बढेको बताए । उक्त ऋण बढीमा १५ वर्षका लागि हरेक तीन/तीन महिनामा व्याज किस्ता हाल्ने गरी ९ प्रतिशत व्याजदर कायम गरी वनमा आधारित उद्योग सञ्चालन गर्नेहरुलाई लगानी गर्ने व्यवस्था रहेको खनालले जानकारी दिए ।

कार्यक्रममा वरिष्ठ वन अधिकृत मदन प्रसाद ढुङ्गानाले वनजन्य उद्योगको मूल्य श्रृंखला, बजार व्यवस्थापन, नविन प्रविधि, वातावरणमैत्री प्रविधिको प्रयोग र वन क्षेत्रमा कार्यरत कामदारहरुको पेशागत सुरक्षा र स्वास्थ्यको विद्यमान अवस्थाबारे कार्यपत्र पेस गरेका थिए ।

कार्यक्रमका वन पैदावार उद्योग संघका केन्द्रीय सदस्य बाबुराम श्रेष्ठले वनजन्य उद्योग सञ्चालनका लागि आएको सहुलियतपूर्ण ऋणलाई व्यवस्थित गर्नुपर्ने बताए । विश्व बैकले प्रदान गरेको सहुलियत ऋण ओभरहेड र बैंकको नाफाका नाममा घुमाउरो तरिकाले लक्षित वर्गमा पुग्दा अन्य ऋण जस्तै महंगा व्याजदरको भएको भनि त्यसलाई परिमार्जन गरी सहुलियत व्याजदरमा दिने व्यवस्था मिलाउनुपर्ने व्यवसायिको माग रहेको उनले जिकिर गरे ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका प्रमुख सन्तोष खनालले उद्योगीहरुलाई घरेलु कार्यालय अर्घाखाँचीले दिने सुविधा उद्योग दर्ता प्रक्रियाबारे जानकारी गराएका थिए ।

कार्यक्रममा वरिष्ठ वन अधिकृतहरु मदन प्रसाद ढुंगाना, उमेश शाह मोहन मिश्र, यादव सापकोटा शाखा अधिकृत अरुण आचार्य, डोहोटे सामुदायिक वनका अध्यक्ष रेशम राज बन्जाडे, उद्योगीहरु तिलक काउछा, लक्ष्मण खड्का, हरि प्रसाद भुसाल, बसन्ता आचार्य, बलु पाण्डे, त्रिभुवन पाण्डे, मोती न्यौपाने, दिपक पराजुली, काजिमान रायमाझी लगायतले सुझाव दिएका थिए ।

# सुन तस्करीको आरोपमा तीन पक्राउ

**काठमाडौं/मस-**कतारबाट कम्मरमा सुन लुकाएर ल्याउनेसहित तीन जनालाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ ।

उनीहरुलाई काठमाडौंको सिनामंगलबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जानकारी दिएको छ । प्रहरीले पक्राउ गरेकामा बाँकेको खजुरा गाउँपालिका-८ का २४ वर्षीय मोहमद दिलसाद खाँ, नवलपरासीको पूर्व गैडाकोट नगरपालिका-१३ का २६ वर्षीय सन्तोष परियार र तनहुँको भानु नगरपालिका-१३ का २५ वर्षीय अञ्जिल गुरुङ रहेका छन् ।

हिमालय एयरको उडानमार्फत कतारबाट नेपाल आउने क्रममा खाँले कम्मरमा लुकाएर सुन ल्याएको भेटिएपछि उनलाई सिनामङ्गलबाट पक्राउ गरिएको कार्यालयका प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिए ।

सुरक्षा जाँचका क्रममा खाँको साथबाट निलो रङ्गको जिन्स पाइन्टको कम्मरको भागमा सेतो टिस्यु पेपरले फोल्ड गरी



लुकाइछिपाइ राखेको अवस्थामा झण्डै १० लाख पर्ने ६९ दशलमव आठ सय ९० ग्राम तौलको ब्रासलेट र ११ दशमलव छ सय ५० ग्राम तौलको बेरुवा औंठी फेला पारिएको जिसीले बताए ।

खाँले सुन ओसारपसार कार्यमा सन्तोष परियार र अञ्जिल गुरुङको पनि संलग्नता रहेको बताएपछि प्रहरीले तीनै जनालाई पक्राउ गरेको हो । बिहीबार पक्राउ परेका उनीहरुलाई भन्सार ऐनअनुसार आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आजै विमानस्थल भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

## दलको...

चुनौती दिने गरी दलको झण्डा बोक्नेलाई राजदूत बनाउने प्रवृत्ति मौलाएको सरोकारवालाहरू टिप्पणी गर्छन् । नेपालमा सत्ता राजनीतिमा स्थिरता नहुँदा यस्तो विगतमा समेत हुने गरेका छन् । बिहीबार प्रतिनिधि सभामा भएको प्रश्नोत्तर कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सत्ता समीकरण बदलिँदा दराजदूत फिर्ता हुने अभ्यास रहेको बताएका थिए । प्रधानमन्त्री प्रचण्डले भनेका थिए, 'विगतमा समीकरण बदलिँदा तुरुन्तै राजदूत फिर्ता हुन्थे । यसपटक तीन महिना त परिवर्तन भएको छैन । यसलाई केही सकारात्मक रुपमा लिनुपर्छ ।'

एकै पटक धेरै देशका राजदूत फिर्ता भएका उदाहरण पनि छन् ।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार विघटन भएपछि शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन भएको तीन दिन नपुग्दै २०७८ असार ३१ गते ओली नेतृत्वको सरकारले नियुक्त गरेका ११ जना राजदूत फिर्ता गरिएको थियो । पछि असोज ५ गते पूर्ववर्ती सरकारले नियुक्त गरेका बाँकी १३ देशमा कार्यरत राजदूतहरुलाई तत्कालीन देउवा सरकारले फिर्ता गरेको थियो ।

चुनाव भएर प्रचण्ड नेतृत्वमा सरकार बनेपछि पनि राजदूतका विषयमा सत्ता समीकरण अनुसार निर्णय हुँदै आएको छ ।

राज्यका प्राय सबै मामला महत्वपूर्ण र संवेदनशील हुन । तथापि वैदेशिक मामला त्यसमा पनि नेपाल जस्तो भूराजनीतिक परिस्थितिमा रहेको मुलुकका लागि ज्यादै संवेदनशील प्रश्न रहने सारोकारवालाहरू बताउँछन् । किनकी यसको प्रभाव मुलुकभित्र मात्र होइन, बाहिरसम्म पर्दछ ।

झ्वाट्ट हेर्दा सानो र सामान्य लाग्ने कूटनीतिक मामलाको प्रभाव गहिरो र दीर्घकालीन हुन सक्छ । सानो लापरबाही वा अपरिपक्वताले ठूलो नकारात्मक प्रभाव पार्न सक्छ । कूटनीतिक मामलामा राज्य अझ गम्भीर हुनुपर्ने अपेक्षा गरिन्छ । तर, यसलाई सत्तारुढ दलहरूले बुझ्न नसकेको र यसको प्रभाव नेपालको बाह्य सम्बन्धमा पर्ने गरेको छ । राजदुतावास दुई देशबीचको सम्बन्धका लागि स्थापित गरिएका हुन् । तर, यसको न्युनतम मान्यतालाई समेत चुनौती दिने गरी दलको झण्डा बोक्नेलाई राजदूत बनाउने प्रवृत्ति मौलाएको सरोकारवालाहरू टिप्पणी गर्छन् ।

नेपाल र विदेशी मित्रराष्ट्रसँग सम्बन्धको प्रत्यक्ष सेतुको रुपमा रहेको राजदूत पद नेपालको प्रतिनिधिको पद हो । तर सत्ता समीकरण बदलिए अनुसार राजदूत फेर्ने र त्यसमा पनि दलीय भागवण्डाका आधारमा नियुक्त गर्ने प्रवृत्ति छ । राजदूत भनेको राष्ट्रको दूत हो । उसले औपचारिक रुपमा मात्र होइन, सबै किसिमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ । तर, औपचारिक रुपमा राष्ट्रको तर व्यावहारिक रुपमा दल वा सीमित नेताको प्रतिनिधित्व गर्ने राजदूतले सवल तरिकाले मुलुकको प्रतिनिधित्व गर्न सक्दैन् ।

## पुराना...

नजान सार्वजनिक दवाव थियो । किनकि त्यो मन्त्रालय मातहत उनको छानबीन हुनुपर्ने थियो ।

तर गत २१ फागुनपछि दोस्रोपटक पनि गृह मन्त्रालयकै नेतृत्व लामिछानेले लिइरहेका छन् । उनकै कारण लामो समय संसद् अवरुद्ध हुने परिस्थिति निर्माण भएको थियो । प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगीमा संलग्न भएको आरोपमा लामिछानेको राजीनामा मागेर संसद् चल्न दिएको थिएन । अर्थात् परम्परागत शैली मात्र नभएर सभापति लामिछानेले संसदीय अंक गणितको लाभ उठाएर आफूमाथिको आरोपलाई समेत अनदेखा गरिरहेका छन् ।

## ६२ वर्षपछि ...

बढेको हुनाले यहाँहरुले आ-आफ्नो क्षेत्रमा क्रियाशील भएर सहयोग पुऱ्याउनका निम्ति अनुरोध गर्न चाहन्छु', मन्त्री अधिकारीले भने ।

अरुको स्वामित्वमा रहेको जग्गा लामो समयदेखि उपभोग गर्दै आएका किसानले जमिनमा आफ्नो समेत हक पाउने व्यवस्थालाई भूमि सम्बन्धी ऐन २०२१ ले हकका रुपमा स्थापित गरेको थियो । यो ऐनले जग्गाधनीले मोहीलाई हटाउन नसक्ने, निशुल्क अन्य काम लगाउन नपाउने जस्ता व्यवस्था गरेर मोहीलाई बलियो बनाएको छ । त्यसपछि पटक पटक भूमिसम्बन्धी ऐनमा संशोधन हुँदै आएको छ । गुठी संस्थान ऐनले पनि खास जोताहा किसानले मोहियानी हक पाउने व्यवस्था गरेको छ । तर, यसले जमिनमा सिर्जना गरेको द्वैध स्वामित्व अझै अन्त्य गर्न सकेको छैन् । भूमि व्यवस्था मन्त्रालयका अनुसार जग्गाधनीले मोहीलाई जग्गा दिन तयार नहुँदा नै यो समस्या कायम रहेको हो । सके जग्गाधनी र मोहीबीच समझदारी गराएरै जग्गामा द्वैध स्वामित्व अन्त्य गर्ने नसके हस्तक्षेप गरेर विवाद रहेको जग्गा जग्गाधनी र मोहीलाई आधारआधा गरिदिएर समस्या समाधान गर्ने सरकारको नीति छ ।

किसानलाई जमिन दिने गरी उपभोग गरिरहेको जग्गामा मोहीयानी हक लाग्ने कानून बनेको ६२ वर्षपछि यसको अस्तित्व नरहने गरी सरकारले नीति अख्तियार गरेको हो ।

## श्रम...

परिणामस्वरुप निकट भविष्यमा स्पष्ट नीति सार्वजानिक हुने अवस्थामा आम व्यवसायीहरु एकीकृत भएर अझ बढी परिणाममूखी नतिजातर्फ उन्मुख हुने क्रियाकलापमा सहभागी हुनुपर्ने बताएको छ ।

## बाँकेमा...

सञ्चालन भएपछि स्थानीयमा चेतना जागृत भएको अवस्था छ, त्यही भएर उजुरीको संख्या बढेको छ,' संयोजक नेपालीले भने । कतिपय ठगीका उजुरीमा जिल्ला प्रशासनले पीडित र पीडकलाई बोलाएर क्षतिपूर्ति दिलाएर मिलापत्र गराउने र नमिलेमा वैदेशिक रोजगार विभाग पठाउने गरेको उनले बताए । संयोजक नेपालीका अनुसार आप्रवासी स्रोत केन्द्रबाट एक वर्षमा १० हजार सात सय ३६ जना र कार्यक्रम सञ्चालन भएको चार वर्षमा २८ हजार ४ सय ६६ जनाले सूचना र परामर्श लिएका छन् ।

सोही कार्यक्रमका सामाजिक परिचालन अधिकृत घनश्याम वलीले यहाँका नेपालगञ्ज, कोहलपुर, खजुरा र बैजनाथमा सञ्चालित वित्तीय साक्षरता कक्षा प्रभावकारी भएको बताए । वैदेशिक रोजगार बोर्डकी सामी कार्यक्रम अधिकृत लक्ष्मी चौधरीले श्रम स्वीकृति लिइ दक्ष भएरमात्रै वैदेशिक रोजगारीमा जानु उचित हुने सल्लाह दिइन् ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/२६ मा दर्ता भएको **प्रा.लि. नं. २०११२६** को **उत्कृष्ट ट्राभल एण्ड टुर्स प्रा.लि.** को मिति २०८१/०२/२२ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९८५११६३७२३, ईमेल :** rokayasherbahadur723@gmail.com

नेपाल सरकार
खानेपानी मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
**संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
**भरतपुर, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति :-२०८१/०३/०८)**

यस कार्यालयबाट मिति २०८१/२/१४ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमका खानेपानी आयोजनाको निर्माण कार्यको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै सहभागी बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. र कामको विवरण | बोलपत्र स्वीकृतको आशय दिईएको बोलपत्रदाता | प्रोभिजनल सम र मु.अ.कर सहितको कबोल अंक रु |
|---|---|---|---|
| १ | FWSSMPChitwan/NCB//080/081/04 Entire Construction of Pithuwa Co-Financing Water Supply and Sanitation Project, Ratnanagar-15,16, Chitwan | Seti mahakali-Shreepur-Nabin JV, Kanchanpur | ८,९६,३९,६२८।८९ |

**(आयोजना प्रमुख)**

**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पुर्वाधार विकास निर्देशनालय**
**पुर्वाधार विकास कार्यालय**
**हुम्ला**

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८१/०३/०८ गते )

यस कार्यालयबाट मिति २०८१/०२/२० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३१ दिने बोलपत्र आब्हान सम्बन्धि सूचना अनुसार तोकिएको म्याद भित्र E-GP portal मा पेश भएका बोलपत्रहरु मध्ये निम्न सडक योजनाहरुको ठेक्का नं. अनुसारका बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | सडकको नाम | कबोल अंक (पि. एस. र मु. अ. कर समेत) | बोलपत्रदाताहरुको नाम ठेगाना |
|---|---|---|---|---|
| १. | IDO/HUMLA/G/SQ/01/2080-81 | Fabricated Steel parts for trail bridge | 1538445.23 | M/lumbini Engineering Works Pvt. Ltd, Butwal-12 Rupandhehi |

कार्यालय प्रमुख

मध्यान्ह
www.madhyanhadaily.com



# कैलालीका स्थानीय तहद्वारा नियम मिचेर खर्च, करोडौं बेरुजु

**सुनिल आउजी/मध्यान्ह**
धनगढी असार ७

संघीयता अभ्यास गरेको ६ वर्ष पुगेपनि स्थानीय तहमा मनमर्जी खर्च गर्ने प्रवृत्तिमा कमी आउन सकेको छैन। बरु हरेक वर्ष यो प्रवृत्तिले विकराल रूप लिन थालेको छ। जनताले तिरेको करको सदुपयोग हुन सके मात्र संघीयता बलियो हुन्छ भन्ने मान्यता राखिन्छ, तर संकलित करको सदुपयोगभन्दा दुरुपयोग भएका घटना सार्वजनिक हुन थालेका छन्। महालेखा परीक्षकको आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षणको प्रतिवेदनले मनोमानी ढंगले खर्च गर्ने प्रवृत्ति बढेको देखाएको छ। विधि, प्रक्रिया, नियम नबनाएरै खर्च गर्ने, लागत अनुमान नगरेर सिँधै काम गरेर भुक्तानी दिने, रकमान्तर गर्ने जस्ता प्रकृतिका काम प्राय: सबै जसो स्थानीय तहमा हुने गरेका छन्।




### बजेट रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अबन्डा नराखी आयव्यय प्रस्तुत गर्नुपर्ने प्रष्ट व्यवस्था गरे पनि कार्यपालिकाले सभालाई छल्दै अबन्डा राखेर कार्यपालिकाबाट खर्च गर्ने गरेका छन्। भजनी नगरपालिकाले १० करोड ७७ लाख रुपैयाँ अबन्डा राखेर कार्यपालिकाबाट खर्च गरेको छ। लम्कीचुहा नगरपालिकाले पाँच करोड रुपैयाँ अबन्डा राखेको छ। गोदावरी नगरपालिकाले ४० लाख रुपैयाँ अबन्डा राखी वितरण गरेको छ। धनगढी उपमहानगरपालिकाले तीन करोड ५० लाख रुपैयाँ अबन्डा बजेट राखेर पछि कार्यपालिकाको निर्णयले सवारीसाधन किनिएका छन्। गौरीगङ्गा नगरपालिकाले दुई करोड ५० लाख रुपैयाँ अबन्डा राखी खर्च गरेको छ। चुरे गाउँपालिकाले २२ लाख ५० हजार रुपैयाँ रकम अबन्डा राखेर खर्च गरेको छ। गोदावरी नगरपालिकाले एक वर्षमा २४ करोड रुपैयाँ रकमान्तर गरेको छ। टीकापुर नगरपालिकामा २० करोड ५० लाख रुपैयाँ रकमान्तर, भजनी नगरपालिकाले चार करोड ३८ लाख २८ हजार रुपियाँ, चुरे गाउँपालिकाले दुई करोड १९ लाख रुपैयाँ रकमान्तर गरेको छ। लेखा परीक्षक तथा नागरिक समाज टीकापुरका संयोजक भीमराम चपाईं अधिकार र स्रोत पाएका स्थानीय तहमा भ्रष्टाचार संस्थागत हुन थालेकाले वित्तीय सुशासन खस्किँदै गएको बताउँछन्। उनका अनुसार अब यस्ता प्रवृत्तिमा कडाइ गरिहाल्नुपर्ने स्थिति पैदा भएको छ।

### नियम बिना खर्च

भजनी नगरपालिकाले रकमान्तर गरेको चार करोड ३८ लाखमध्ये ३२ लाख ७७ हजार रुपैयाँ विभिन्न संस्था र व्यक्तिलाई अनुदान बाँडेको छ। यस्तै नगरप्रमुखको तोकादेशबाट चार लाख ७५ हजार र कार्यपालिकाबाट निर्णय गरेर तीन लाख ९४ हजार रुपैयाँ आर्थिक सहायता बाँडिएको छ, तर कस्ता संस्थालाई, कस्ता व्यक्तिलाई के आधारमा अनुदान वा आर्थिक सहयता दिने भन्ने नियम वा कार्यविधि बनेको छैन। लम्कीचुहाले नगरप्रमुखको तोकादेशबाट चार लाख र कार्यपालिकाबाट १४ लाख ४७ हजार रुपैयाँ आर्थिक सहायता बाँडेको छ, तर नियम बनाएको छ। गोदावरी नगरपालिकाले १६ लाख रुपैयाँ सहायता बाँडेको छ। कुनै नियम नबनाएको धनगढीले प्रतिव्यक्ति १५ हजारदेखि दुई लाखसम्म वितरण गरेको छ। वितरण गर्नुपर्ने र गरिने कुनै आधार छैन। यस्तो रकम सात लाख ५५ हजार रुपैयाँ छ।

२०७६ सालमै आर्थिक सहायतासम्बन्धी कार्यविधि बनाएको टीकापुर नगरपालिकाले पनि विधि उल्लंघन गरेको छ। कार्यविधि अनुसार वडाको सिफारिसमा नगरप्रमुखले पाँच हजारसम्म र कार्यपालिकाले निर्णय गरेर १५ हजार रुपैयाँसम्म सहायता दिन सक्ने व्यवस्था छ, तर टीकापुर नगरपालिकाले मौजुदा कार्यविधिको बेवास्ता गर्दै नगरप्रमुखको तोकादेश वा कार्यपालिकाको निर्णय भनेर प्रतिव्यक्ति ५० हजार रुपैयाँसम्म सहायता दिएको छ। आर्थिक सहायता जस्तै मनपरी वितरण भएको शीर्षक इन्धन खर्च हो। वर्षमा एक करोड आठ लाखको इन्धन खर्चेको गोदावरी नगरपालिकाले ५५ लाख रुपैयाँ अन्य प्रयोजनका लागि भनेर इन्धन खर्च गरेको छ। घोडाघोडी नगरपालिकाले कार्यालयभन्दा बाहिरका व्यक्तिलाई १९ लाख ३२ हजार रुपैयाँको इन्धन दिएको छ। पहाडी पालिका चुरेको ४९ लाख ४४ हजार इन्धन खर्च, कैलारीको इन्धन ४० लाख, गौरीगङ्गा नगरपालिकाले इन्धनमा ३५ लाख ८१ हजार रुपैयाँ खर्चेको विवरण छ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ अनुसार लागत अनुगमन तयार गरेर अनुमति लिएर खर्च गर्नुपर्नेमा मर्मत गरेका साधनमा प्रयोग गरेका सामानको रेकर्ड नराखेको प्रतिवेदनमा उल्लेख छ। पहाडी पालिका चुरेको भ्रमण खर्च ४३ लाख र सवारी मर्मत १३ लाख ४३ रुपैयाँ हजार रहेको छ। टीकापुर नगरपालिकाको भ्रमण ३६ लाख ५४ हजार रहेको छ। सवारी मर्मत ३४ लाख रुपैयाँ रहेको छ। जानकी गाउँपालिकाले बिनालागत एक करोड ४६ लाखमा सवारी खरिद गरेको छ भने इन्धन खर्च ६१ लाख १७ हजार, मर्मतमा २२ लाख १९ हजार रुपैयाँ खर्चेको छ।

जोशीपुर गाउँपालिकाले भ्रमणमा २२ लाख १४ हजार रुपैयाँ खर्चेको छ। भजनी नगरपालिकाले सात लाख ३६ हजार दुई वटा सफ्टवेयर खरिद गरेर प्रयोगमा नल्याएको प्रतिवेदनमा उल्लेख छ। कैलारी गाउँपालिकाको भ्रमण खर्च ३२ लाख रुपैयाँ भएको छ। गौरीगङ्गा नगरपालिकाको सवारी मर्मतमा २९ लाख ५८ हजार रुपैयाँ खर्च भएको महालेखा परीक्षकको आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षणको प्रतिवेदन उल्लेख गरेको छ।

# जुम्लामा दुईदिने औद्योगिक प्रदर्शनी




**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ७ असार

जुम्लामा दुई दिने औद्योगिक प्रदर्शनी प्रतियोगिता गरिएको छ। सञ्चालित उद्योगबाट उत्पादन हुने विभिन्न बस्तुहरुको दुई दिने प्रदर्शनी प्रतियोगिता गरिएको हो। उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको आयोजनामा दुई दिने स्थानीय उद्योगबाट उत्पादित बस्तुहरुको प्रदर्शन शुरु भएको छ। त्यस्तै कार्यालय प्रमुख विनोद बानियाका अनुसार जुम्लाको स्थानीय कच्चा पदार्थबाट बनेका बस्तुको प्रदर्शनी प्रतियोगिता गरिएको छ। जिल्ला खेलकुद विकास समितिको कवड हलमा शुरु भएको प्रदर्शनीमा स्थानीय भेडा तथा उनबाट बनेका टोपी, झोलासहित विभिन्न उत्पादनहरु, स्याउका परिकार, ओखर, रैथाने मह, अर्गानिक कृषि मार्सी चामल, चिनो, कागुनो, कोदोको पिठोबाट बनेका परिकार, मार्सी धानको खीर, भेडाका उनबाट बनेका राडिपाखीसहितका स्थानीय स्तरका बस्तुहरु प्रदर्शन गरिएका छन्।

त्यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले स्थानीय उत्पादन गुणस्तर उत्पादन बढाउनुपर्ने बताए। उनले यस्ता प्रकारका प्रदर्शनीले उद्योगीलाई प्रोत्साहन मिल्ने बताए। आएको स्थानीय बस्तुहरुको उत्पादन बढाउन सकेको खण्डमा विश्व बजारमा समेत बिक्री हुनेमा उनले दाबी गरे।

त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले अर्गानिक खानाले स्वस्थ्य जीवनमा ठूलो योगदान पुऱ्याउने भएकाले त्यो सम्भावना जुम्लामा रहेको बताए। उनका अनुसार जुम्लाको उद्योग प्रदर्शनीमा आएका बस्तुहरु धेरै राम्रा छन्। सफल उद्योगी नारायण चौलागाईंले आफ्नो अनुभव सुनाउँदै मिहिनेत गरे लघु उद्योगले जीवन परिवर्तन हुने बताए। त्यस्तै उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका प्रमुख विनोद कुमार वानियाले उद्योगीहरुलाई थप प्रोत्साहन गर्ने उद्देश्यले यो प्रतियोगिता आयोजना गरिएको बताए। उनले उद्योगीले गरेको मिहिनेत अनुसार काम गर्न सकिनेमा जोड दिए। उनका अनुसार जुम्लाका १८ जना उद्योगीले प्रदर्शनीमा भाग लिएका छन्।

# सुरइ धानखोला सडकको काम तीव्र गतिमा



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ असार

पूर्व पश्चिम राजमार्ग अन्तर्गत पर्ने सुरइ खोला, धानखोला सडकखण्डको काम तीव्र गतिले अगाडि बढिरहेको छ।

सो सडकमा अहिले सडक ढलान, नालि निर्माण तथा सडक मर्मत, कालोपत्रेको काम तीव्र पारिएको अनुगमनमा पुगेका कार्यालय प्रमुख इन्जिनियर विवश बाबु सदादेवले बताए।

सडक डिभिजन कार्यालय कपिलवस्तुका प्रमुख सदादेवका अनुसार सुरइ खोला धानखोला सडकमा ठूला खाल्डाखुल्डी रहेको, सडक नाली बिग्रिएको तथा भत्किएको र विभिन्न मोडहरुमा समेत सडक जीर्ण भएकोले उक्त ठाउँमा सडक निर्माण भएपछि यात्रु तथा सवारी चालकहरुलाई सहजता हुने गरी निर्माणको कामलाई तीव्र पारिएको हो। यो सडक मर्मत नहुँदा बर्खा याममा पहिरो जाने र सडक अवरुद्ध हुने,गर्मी लागेपछि हिँड्न नै नसकिने गरी धुलो उड्ने हुँदा यात्रु र सवारी चालकहरुलाई सास्ती हुँदै आएकोले सडकले मर्मत सम्भारको काम शुरु गरेको थियो।

राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत सात सय मिटर दुई लेन सडक ढलान तथा ३५ सय मिटर नालि निर्माण गर्ने काम अहिले दूर्त गतिमा अगाडि बढेको र अब छिटोभन्दा छिटो काम सम्पन्न गर्ने गरी कामलाई द्रुत गतिमा अगाडि बढाएको सडक डिभिजन प्रमुख सदादेवले बताए।

उनका अनुसार हाल यो सडकको कामको भौतिक प्रगति ९० प्रतिशत भन्दा माथि रहेको र निर्माण प्रगती राम्रो रहेको छ। सुरइ खोला-धानखोला सडक खण्डमध्ये जतिबेला पनि बिग्रिरहने सडक सुरइ खोला-दोवाटा खण्ड अन्तर्गतको झण्डै ५ सय मिटर १ लेनको सडक ढलानको काम समेत सम्पन्न भइ अर्को लेनको काम र नालि निर्माणको काम पनि सम्पन्नको तयारीमा रहेको प्राविधिक नवीन पाण्डेले बताए।

चोरखोला, ठाडे खोला र पैरा खोलामा पनि अहिले सडक स्तरोन्नति गर्ने काम अन्तिम चरणमा यो सडकको जिम्मेवारी मंगलादेवी शुभास-अल्कापुरी जे.भी.ले असार मसान्तसम्म सम्पन्न गर्ने गरी काम गरि रहेकोमा हाल कामको प्रगति पनि निकै अगाडि बढेको हो।

सो सडक निर्माण गर्दा वैकल्पिक सडक नभएको कारणले पनि ट्राफिक समस्या हुने र सडकमा जतातत्तैका गाडिहरुको प्रेसर हुने कारण निर्माण कार्यमा प्रभाव पारेको निर्माण व्यवसायीहरु बताउँछन्। दोवाटादेखि धानखोला सम्मको सडकको पटहोल्स मर्मत सम्पन्न भइसकेकाले केही सहज भएको छ।

त्यसैगरी शिवपुर सडक डिभिजन कार्यालयले गोरुसिङ्गेदेखि सन्धिखर्क जोड्ने मुख्य सडकको ६८ किलोमिटर सडक मध्येका विभिन्न भागहरुमा अहिले धमाधम कालोपत्रे दुई लेनको सडक बनाउने कार्यको भौतिक प्रगति ८० प्रतिशत माथि पुगेको छ।

डिभिजन प्रमुख सदादेवका अनुसार यतिबेला सडक चौडाइ पार्ने कटिङ गर्ने, टेवा (पर्खाल) उठाउने नालि निर्माण गर्ने डबल कटिङ गर्ने ग्राभेल गर्ने कालोपत्रे गर्ने लगायतका कामहरु अन्तिम चरणमा पुगेको छ। त्यस्तै पाइप कल्भर्ट, स्ल्याब कल्भटको काम सम्पन्न भएको सदादेवले बताए।

# रौतहटका चार पालिकाले सार्वजनिक गरे बजेट




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ असार

रौतहटको चार पालिकाले नगर अधिवेशन सम्पन्न गरेको छ। आगामी आर्थिकको बजेट नीति तथा कार्यक्रम असार महिनाको १० गतेभित्र ल्याइ सक्नुपर्ने कानूनी प्रावधान अन्तर्गत स्थानीय पालिकाले बजेट अधिवेशन गर्न लागिएको हो।

असार ५ गते कटहरिया नगरपालिका आर्थिक वर्ष २०८१/०८२ को लागि ४६ करोड बजेट विनियोजन गर्दै नगर सभा सम्पन्न गरेको थियो। ६ गते गरुडा नगरपालिकाले ७० करोड बजेट विनियोजन गर्दै बजेट अधिवेशन सम्पन्न गरेका छ।

असार ७ गते गौर नगर पालिकाले आयोजना गरेका नगर सभामा समाचार संकलन गर्ने उद्देश्यले पुगेका स्थानीय सञ्चारकर्मीलाई कार्यक्रममा प्रवेशमा रोक लगाएको थियो। नगरपालिकाको सभाहलमा आयोजना गरिएको नगर सभामा कार्यपालिका सदस्य, नगर सभा सदस्यको उपस्थिति रहेको थियो।

त्यसैगरी चन्द्रपुर नगरपालिकाले १ अर्ब ८ करोड बजेट विनियोजन गर्दै नगर सभा सम्पन्न गरेसँगै जिल्लाको ४ पालिकाको बजेट अधिवेशन सकिएको हो।

स्थानीय पालिकाले आगामी आर्थिक वर्षको लागि ल्याएको नीति तथा कार्यक्रममा कृषि, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा प्रयाप्त बजेट विनियोजन गरिएको छैन। रौतहटको शिक्षा, स्वास्थ्य, अवस्था कमजोर रहेको देखिएपनि पालिकाले जति पूर्वाधार विकासको क्षेत्रमा बजेट विनियोजन गरेको हुन्छ, त्यसको अपेक्षा सामाजिक विकास, आर्थिक समृद्धि, वातावरण मैत्री विकासमा लगानी गरेको देखिँदैन।

वातावरणमा देखिएका असरलाई रोक्नको लागि बोटबिरुवा रोप्नुपर्ने आवश्यक देखिएपनि पालिकाले सार्वजनिक जग्गा तथा निजी जग्गामा वातावरण स्वच्छ बनाउनको लागि हरियो वातावरण मैत्री बनाउनुपर्ने नीति लिनुपर्ने जरुरी रहेको छ।

पालिकाले ल्याएको नीति कार्यक्रममा बेरोजगारी समस्या समाधानको लागि उद्योग, कलकारखाना स्थापना गर्ने बजेट प्रस्तुत गर्न सकिएको छैन।

# बुटवलको डेल्टा मार्टमा भएको आगलागीबाट झण्डै ५० करोडको क्षति




**क्षितिज किरण/मध्यान्ह**
बुटवल, ७ असार

बुटवलको मिलनचोकमा रहेको डेल्टा कम्प्लेक्समा भएको आगलागीबाट करिब ५० करोड बराबरको क्षति भएको छ। आगलागीबाट त्यहाँ रहेका सबै सामान जलेर नष्ट भएका छन्। बिहीबार साँझ साढे ६ बजेबाट लागेको आगो शुक्रबार राति २ बजेतिर नियन्त्रणमा आएको थियो। इलाका प्रहरी कार्यालय बुटवलका अनुसार मोटर ग्यारेज, दुईवटा पेट्रोल पम्प र बाक्लो बस्तीको बीचमा रहेको डेल्टा कम्प्लेक्सबाट अन्यत्र आगो फैलिनबाट जोगिएपनि कम्प्लेक्स भने पूर्ण रुपमा ध्वस्त भएको छ।

मेटल स्टक्चरमा निर्माण गरिएको चार तले भवनको चौथो तलामा रहेको डेल्टा एजुकेसन मार्टको पश्चिमतर्फबाट साँझ साढे ६ बजेदेखि आगलागी शुरु भएको थियो। झण्डै ३० हजार स्क्वायर फुट क्षेत्रफलमा बनेको कम्प्लेक्समा स्टेशनरी, झण्डै दुई दर्जन बढी विद्यालयका तयारी पोसाक, काँचो र तयारी कपडा, खेलकुदका सामग्रीसहित नेपाली लुगा घर, जुत्ता बजार र खाध्यान्नका मार्ट सञ्चालनमा थिए।

इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डिएसपी विजयराज पण्डितका अनुसार कम्प्लेक्समा सञ्चालित सम्पूर्ण पसल र सामानहरु झण्डै आठ घण्टा लागेको आगोले खरानी भएका छन्।

आगलागीपछि बुटवल उपमहानगरपालिका, तिलोत्तमा, सैनामैना, सिद्धार्थनगर, लुम्बिनी सांस्कृतिक नगरपालिका, नवलपरासीका बर्दघाट र परासी, कपिलवस्तुको वाणगंगा तथा नेपाल आयल निगम भलवारी र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत गरि १३ वटा दमकल आगो नियन्त्रणमा खटिएका थिए। कम्प्लेक्समा मार्टका गोदाम समेत रहेकोले नियन्त्रणमा लिन कठिन भएको प्रहरीले जनाएको छ।

फलाम र प्यानलबोर्डबाट बनेको चारतल्ले भवन पूर्ण रुपमा जलेर नष्ट भएको छ। चारैतर्फ प्यानलबोर्ड र शिशा जडान गरी निर्माण गरिएको कारण कम्प्लेक्सको चौथो तल्लाबाट शुरु भएको आगो एकैपटक सबै तलामा फैलिएको थियो।

कम्प्लेक्सको माथिल्लो तलामा डेल्टा एजुकेशन मार्ट रहेको थियो भने अन्य तीनवटा तलामा नेपाली जुत्ता बजार, नेपाली लुगा घर र खाद्यान्न पसल थिए। बुटवलका ठूला व्यवासायी र शिक्षण पेशाका अगुवाहरुले ५ वर्ष पहिले सञ्चालन गरेको डेल्टा एजुकेशन मार्टमा पछिल्ला दुई वर्षदेखि नेपाली जुत्ता घर र नेपाली लुगा घरपनि सञ्चालन गरिएको थियो।

कम्प्लेक्समा सञ्चालित विभिन्न पसल तथा फर्महरुमा २ सय बढीले रोजगारी पाएका थिए। आगलागी कहाँबाट शुरु भयो र कति क्षति भयो भन्ने पूर्ण विवरण नआइसकेपनि ५० करोड बढीको क्षति भएको डेल्टा कमप्लेक्सका सञ्चालक घनश्याम पाठकले जानकारी दिए।

# शितगंगा नगरपालिकाले गाँजा खेतीको अध्ययन गर्ने

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ असार

शितगंगा नगरपालिका अर्घाखाँचीले सीप तथा रोजगार, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।




शुक्रबार नगरसभाको १५औं अधिवेशनमा नगर प्रमुख छबिलाल पौडेलले स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरणको नगर बनाइ विकास गर्ने गरी नीति कार्यक्रम सार्वजनिक गरेका हुन्। उनले शितगंगालाई सबै जातजातिले अपनत्व गर्न सक्ने साझा सांस्कृतिक नगरको रुपमा स्थापित गर्ने र पर्यटकीय हब बनाउने गरी नीति अगाडि सारिएको बताए।

त्यस्तै, माध्यमिक तहका प्रधानाध्यापकहरुको हरेक ३-३ वर्षमा आन्तरिक सरुवा गर्ने, विद्यालयहरुलाई समान तहको स्तरमा पुऱ्याउन अन्तरविद्यालय अनुभव आदान-प्रदान गर्ने, प्रधानाध्यापक र व्यवस्थापन समितिबीच नियमित छलफल सञ्चालन गर्ने नीति अगाडि सारेको नगर उपप्रमुख गिता भाटले बताइन्।

यस्तै किसानले उत्पादन गरेको कृषि सामग्री नगरपालिकाले अनुदान दिने र नगरपालिकामा अत्याधिक उत्पादन हुने लोकल महलाई स्थानीय ब्रान्ड बनाएर बिक्री वितरण गरी आयआर्जन वृद्धि गर्ने तथा नगरपालिकामा गाँजा खेतीको लागि सम्भाव्यता अध्ययन शुरु गर्ने, नगरपालिकालाई दूध र मासु तरकारीमा आत्मनिर्भर बनाउने गाईभैंसी, भेडा बाख्रालाई निःशुल्क खोप लगाउने, सूर्यओडार लुम्बिनी सर्किट निमार्ण गर्न पहल गरी मुसियानमा ईको पार्क निर्माणका लागि अध्ययन गर्ने, बास, नियालो,थाकलबाट हस्तकलाका सामग्री बनाएर सुपादेउराली आउने पर्यटकलाई बिक्री गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताए।

मौवाको ब्राण्डिङ हरेक वर्षको नीति कार्यकममा जस्तै अहिले पनि रहेको छ। कम विद्यार्थी भएका विद्यालय एकीकृत गरिने, एक वडा एक मेघा विद्यालय सञ्चालन गर्ने, गुणस्तरीय शिक्षा हामी सबैको इच्छा नारासहित पढ्दै कमाउँदै गर्ने विद्यालयलाई प्राथमिकता दिने, बालिविज्ञान पढ्न आउने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने नीति कार्यक्रममा उल्लेख्य गरिएको योजना अधिकृत नुमलाल खनालले बताए।

अशक्त नागरिकसँग नगरप्रमुख कार्यक्रम ७० वर्षमाथि अशक्तहरुको घरमै उपचार व्यवस्थापन गरिने, वडा नम्बर ११बाट एकीकृत वस्ती विकासको योजना छलफल गरिने, नगर क्षेत्रको कालोपत्रे क्षेत्रमा नयाँ भवन बनाउँदा अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ।



यात्रा-संस्मरण

# सुपादेउराली र कालेश्वर



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

पर्वत शिखरबाट उत्तर हिमाली दृश्य र दक्षिण मकवानपुर तराई क्षेत्रमा बडो मजाले दृश्यावलोकन गर्दागर्दै कुहिरोले ढाकेकाले दृश्यावलोकन अधुरै रह्यो हाम्रो । गर्मी महसुस गरिरहेका हामीले क्षणभरमै जाडो महसुस गर्नु परेको थियो । अरु देशको जस्तो निरस बालुवा ५५ डि.से.को तापक्रम त्यसमै हाम्रा संगी साथीहरु भेडा चराउँदैछन् खाडीमा, कम से कम यो देशमा यति कठोरता कतै छैन ।



यसैपालिको वसन्त हो, पानी ट्याँकी युवा समाज बौद्धको आह्वानमा अर्घाखाँचीतिर हान्निएको म, सन्धिखर्कको सुपा देउराली, प्यूठानको स्वर्गद्वारी दर्शनकै क्रममा । काठमाडौं बर्दघाटको कठिन यात्रा सकेर भोलिपल्ट हाम्रो समूह गोरुसिंगेतिर लागेको थियो । बैंसको प्रकृति कामुक थियो । जतातत‍ै नयाँ पालुवाहरू, उही लालिगुराँस फाट्टफूटरूपमा देखिएका । गोरुसिँगेबाट के उकाली लागेथ्यो गाडी एक तले टिनका छाना, भूकम्पपछिका स-साना घरहरू, कतै घना जंगल कतै धुले कतै कालोपत्रे जस्तो लाग्ने खाल्टाखुल्टी मेरा हजूरबाका साना धोती जत्रा सडकबाट निसास्सिँदै सुपा पुगेथ्यो हाम्रो गाडी ।

सुपादेवीको दर्शनपछि झमक्क साँझ ढल्दै थियो भालुवाङबाट रोल्पातिर हान्निदा । राप्ती भालुवाँग भिँग्री सडकमा त "मरे पनि गाडी चढ्दिन'" भन्थे कोही सहयात्री मित्र । पटक-पटक गाडीले भूँइतिर सम्धी सम्धेलो गर्ने एक, दुई, तीन चोटि हो र वर्षमा दर्जनौँपल्ट । कति यात्रु स्वर्गद्वारी जान्छु भनी हिँड्छन् फर्केर नआइपुग्दा रहेछन् । "बाटो पनि साह्रै साँघुरो छ है स्वर्गद्वारी जाने" अर्का मित्रले ठेउल्याउँदै थिए ।

म पनि के कम थिएँ र थालिहाल्थेँ, "हिँडेरै पनि गएको हो पहिले" । सँगैका साथीले थपे "उहिलेका कुरा खुइले क्या गाडी जान्छ हिजोआज" ।

रातको नौ बजे ठ्यास्स गाडी रोकियो भिङ्गीमा । साहुनीहरूको निम्तो "खालि छ हजुर टिक टक होटल, यतै बसौँ बास, भोलि बिहानै आँखा मिच्दै उक्लनु के माथि धाममा, जम्मा १५ कि मि जति त छ बाटो" । बस् थकाइले चुर हामी भिँग्रीको टिकटक होटलमा बास बस्ने निधो गऱ्यौँ ।

एउटै कोठामा छ जना, ऊ माथि ऊ, ऊ माथि, ऊ जस्तो ओछ्यान त तीन वटा थियो, तर के गर्नु बिहान तीन बजे नै गुण्टा कस्ने आदेश छ, बाघ कराएर हैरान, आँखाले घूम ओढ्नै पाएन । दिउँसोको खाजामा चना परेछ, बस् भित्री कोठालाई पनि रातभरिको रोजगारी मिलिहाल्यो त, जीउ लखतरान छ, तैपनि नुहाएर तयारी साँढे तीनतिरै । पाँच/दश मिनेट ढिला भएको भए हाम्रो लामो गाडीलाई पुलिसका आँखा लाग्ने रहेछ, बाटो घुम्ती सानो गाडी लग्नु पर्ने प्रहरीको भनाइ आउँदो रहेछ । सानो गाडी कहाँ खोज्ने ? काठमाडौँबाटै रिजर्भ गएको गाडी आफ्नो छोडेर ।

कम्मर मर्काइ मर्काइ विद्यार्थीले ब्याक पेपर दिए जस्तै गरी सबै घुम्ती ब्याक पेपर दिएर गाडी माथि पुग्यो पार्कमा । अब त ११ नम्बरको गाडी ठेल्ने हो, सके पनि नसके पनि, "सिँढीहरू पन्ध्र सय बढी छन् हजूर"स्थानीय एक व्यक्तिको भनाइ ।

सुस्केरा हाल्दै कठिनतापूर्वक पुगियो स्वर्गद्वारी, दायाँ बायाँ डेढ हजार बढी सिँढी उक्लँदै, न्वारनदेखिको बल प्रयोग गर्दै बारहरूको आड लिएर । अघि पाण्डवहरू त्यही बाटो भएर स्वर्ग गएका रे ! महाभारत पर्वत शृंखला प्यूठानको अग्लो चुचुरो जहाँबाट हामीले वसन्तको सुर्योदय हेरिरह्यौँ, हेरिरह्यौँ, थरिथरीका लालिगुराँसहरूले पच्छ्याइरहे हामीलाई ।

यो क्षेत्र मलाई नौलो थिएन तर, थप अध्ययन त आवश्यक छ नै । यज्ञस्थलको दर्शनपछि म भने यहाँका विषयमा खोजबीनतिर लागेँ । महाभारतको पर्वत श्रृंखलामा पर्छ यो । रोल्पा रुम्टी गाउँमा श्रावण शुक्ल एकादशीमा जन्मिएका अनिरुद्ध गौतम जसलाई स्वर्गद्वारी महाप्रभु भनियो उनी यहाँका सस्थापक हुन् । तीन सय बढी गाईहरू हाल पनि रहेको योक्षेत्र निकै मनमोहक छ र हामीले लालीगुराँसको सुगन्ध लिँदै उकाली चढेका थियौँ । वि.सं. १९१६ मा जन्मिएका गौतम पछि महाप्रभु भए । जन्मकै बेलामा रातमा आकाशबाट पुष्पवृष्टि भएथ्यो रे उनी जन्मदै गर्दा । भिक्षुकहरू आई दर्शन गरे रे, चार वर्षकै उमेरदेखि उनी एकान्त बास बसे रे ढुँगाका मूर्तिहरू बनाई तपस्वीहरूको प्रार्थनामा लागे रे ! १३ वर्षदेखि २५ वर्षसम्मकै उमेरमा जनसम्पर्क बाहिर रहे रे ! सप्तऋषि लगायत सनातनी धर्मका अनुयायीहरूले तपोभूमि बनाएको यो डाँडामा उनले आफ्नो आश्रम रचेछन् । पौराणिक कालदेखि अष्टचिरन्जीवि समेतले यज्ञक्षेत्र बनाएको यो स्थानलाई उनले आश्रमस्थल बनाएछन् । साँच्चै यहाँ पुग्दा सूर्य होचिएको डाँडाकाँडाहरू अग्लिएका देखिन्छन्, हाम्रो समूह पनि आश्रमको दर्शन, चरु हवनपछि सामूहिक फोटोतिर लाग्यो, पङ्क्तिकारले यहाँको महत्व माथि प्रकाश पार्दै मित्रहरू अब तल झर्नुपर्छ, स्वर्गमा आउने प्रयास गर्ने हो घरै बनाएर बस्न मिल्दैन भन्दै साथीहरूलाई बस पार्कतिर झार्न अग्रसर भयो ।

गाडी ब्याक गर्दै झर्न धेरै बेर लाग्यो, भिँग्रीमा हाम्रो खाना तयार भइसकेको र खानापछि हामी भालुबाङ हुँदै बर्दघाट बास बस्ने गरी यात्रा तय गरिहाल्यौँ । वर्दघाट पुग्दा रात परिसकेको थियो । साथीहरूको सल्लाह भयो जसोतसो यो सातो लिने बाटो छिचोल्दै गैँडाकोट पुगेर मौलाकालीको दर्शन गर्ने तर केबलकारको टिकटको व्यवस्था आफैँले गर्ने भनेर ।

राति नै हामीले बर्दघाट डेरा छोड्यौँ उही पहिलेका रुमहरू र बाटो ततायौँ, निकै सकसका साथ गैँडाकोट पुगी केवलकार परिसरतिर हामी अडियौँ । खुल्ला चउरमा गाडी रोकियो र जग्गा धनी भने भाडा माग्न तम्सिए, "वार्षिक पाँच लाखमा यो जग्गा भाडामा लिएको हो तपाइँहरू नआए त हाम्रो व्यवस्था नै राम्रो हुन्न नि", अब कुरो स्पष्टै भयो, धर्म गर्न पनि खल्ती बलियो हुनै पर्छ ।

म धार्मिक र पर्यटकीय स्थलहरूको पारखी हो । विश्वमा अब्बल भनिएको संघीयता र लोकतन्त्र अनि गणतन्त्र भने हाम्रो देशमा मौलाकाली मुनि निदाएको देखियो । नारायणघाटदेखि बुटवलसम्मको ओहोर-दोहरमा देशको मुटु पूर्वाधारको अवस्था जे छ त्यसले स्पष्ट गर्छ कि नेपालमा लोकतन्त्र कस्तो छ भनेर ।

परासीको मौलाकालीसमेतको दर्शनपछि लगत्तै अर्को यात्रा तय भयो ललितपुरको दूर्गमक्षेत्र गोटिखेलको वैतरणी र कालेश्वरतिर । ललितपुरको चापागाउँ हुँदै अघि रोडा गिट्टीको राजधानी भनिएको टिका भैरवस्थललाई पच्छ्याउँदै हामीले ६४ ज्योतिर्लिङ्गको एक शिवस्थल रामेश्वरको दर्शन गर्न भ्याइहाल्यो । प्रभावती नदी र सरस्वती नदीको संगम भैरवको दर्शन अनि सामूहिक फोटो खिचीवरि हामी लेलेको तिलेश्वर पुग्यौँ र त्यहाँको पूजाआजा सकेर भारदेउतिर लाग्यौँ । बाटामा डोजर देखिनु लोकतन्त्रको सुन्दर रूप मानिन्छ । सायद विकासको अर्को रूप सडक र सवारी यातायात नै हुनुपर्छ । लेलेमाथि नल्लु पुगुन्जेल र त्यसभन्दा अगाडि बढुन्जेल बन कोतर्न सिपालु डोजरको लर्को नै बढी देखिए । धूलोले आँखा हेर्ने अवस्था रहेन र सास फेर्ने अवस्था पनि रहेन । दिउँसै अँधेरी लाग्थ्यो उकालो कुइरीमण्डल धूलैधूलोले हाम्रो यात्रा सहज भएन । बाहिरको प्रकृतिमा हरियाली थिएन ।

मुस्किलले हामी गोटिखेलको वैतरणी पुग्यौँ र त्यहाँको स्नानपछि हामी महाभारतको पर्वत शृंखला देउराली भन्ज्याँगतिर उकाली लाग्यौँ कसान्द पर्वत भनिने यसको शिखरसम्म गाडी नजाने भयो, उकाली सकेर हाम्रो गाडी रोकियो देउरालीमा । अब त "हिँड्नु पर्छ नि" साथीहरूको भनाइ आयो । बाटो त एक मान्छे बढीमा कतै दुई मान्छे मात्रै पास हुने खुट्किला साना साना भिरालो कतै सिँढीहरू भरेँग जस्ता कतै । तर, मनमोहक लालिगुराँसको मज्जा छुट्टै छ यहाँ । सबैजसो साथीहरू लालिगुराँस तिरै झुम्मिए म भने गुराँसको अध्ययनतिर लागेँ । एक्लै गुन्गुनाइरहेँ, मित्रहरू फोटो हान्दै थिए ।

देश धनी थियो कृषिमा, धर्ममा, संस्कृतिमा संस्कारमा पनि र पर्यटन क्षेत्रमा अब्बल नै थियो । वन, जंगल, वन्यजन्तु, जडिबुटी हराभरा तराई अनि सिँगा हिमाल सेतो सुनको राशि कति थिए राम्रा दृश्यहरू । विश्वमै दुर्लभ लुण्डेसी र क्वानियम प्रजातिको रैथाने गुराँस यहीँ पाइन्छ । मुस्ताङ, मनाङ, डोल्पादेखि रसुवा लाङटाङसम्म भरिभराउ नै छन् यी । देशका ४३ जिल्लाहरूमा थरिथरिका लालिगुराँस पाइन्छन् जसबाट मनमोहक प्रकृति देखाएर यहाँ पर्यटन क्षेत्रको विकास गर्न सकिन्थ्यो । जैविक विविधताले चिनिएको देशमा पाटेबाघहरू छन्, गैँडा, अर्ना, हात्ती, डाँफे, मुनाल कति छन् र यहाँ ६ हजार बढी पहिचान भएका वनस्पतिहरू छन्, सुनपाती, कालो गुराँस, सेतो, रातो थरिथरिका गुराँस पाइन्छन् वसन्त ऋतुमा । पूर्वको तेह्रथुम बा सङ्खुवासभामा घुमौँ बा, ताप्लेजुङ नै पुगौँ ढपक्कै देखिन्छन् बन लालीगुराँसले । इलामको श्रीअन्तु बा फिक्कल, आइतबारे पुगौँ बा झापाको बुधबारे बा शनिश्चरे या पुगौँ महेशपुरको किच्चक्बध क्षेत्र, देशको इतिहास पाइन्छ, मौलिकता र महाभारतकालीन अवशेषहरू ।

कति सुन्दर छ हाम्रो ग्रामीण पर्यटन, कति रमाइलो छ होम स्टे, बस् छ लाख ९२ हजार हेक्टर जमिनको वनले ढाकेको क्षेत्र हाम्रो जसमा १० प्रतिशत त लालिगुराँस नै पाइन्छन् । विश्वको चर्चा गर्नु पर्दा गुराँस नै एक हजार १५७ प्रजातिका रहेका छन्, एसिया, उत्तर अमेरिका, युरोप, अष्ट्रेलियामा पनि छन् गुराँस र ९० प्रतिशत नेपाल चिन, भारत, भुटान, थाइल्याण्ड, म्यान्मार, भियतनाम, इन्डोनेसिया, फिलिपिन्समा भेटिन्छन् । समुद्र सतहबाट एक हजारदेखि छ हजार मिटरसम्मको उचाइमा गुराँसको सम्भावना रहने वैज्ञानिकहरूको तर्क छ । करिब छ हजार मिटरको उचाइमा उक्लदै गर्दा पंक्तिकार महाभारतको वन जंगलबाट मोहित भएको हो । कालेश्वरको डाँडाभरि लालिगुराँसमा भुल्नेहरू धेरै देखिन्थे ।

पर्वत शिखरबाट उत्तर हिमाली दृश्य र दक्षिण मकवानपुर तराई क्षेत्र बडो मजाले दृश्यावलोकन गर्दागर्दै कुहिरोले ढाकेकाले दृश्यावलोकन अधुरै रह्यो हाम्रो । गर्मी महसूस गरिरहेका हामीले क्षणभरमै जाडो महसूस गर्नु परेको थियो । अरु देशको जस्तो निरस बालुवा ५५ डि.से.को तापक्रम त्यसमै हाम्रा संगी साथीहरू भेडा चराउँदैछन् खाडीमा, कम से कम यो देशमा यति कठोरता कतै छैन । बुझ्नेलाई यो देश श्रीखण्ड नै हो तर संघीयता, र लोभतन्त्र रूपी गलगाँडले देशलाई हरिबिजोग गराएको छ, अझै सपना बाँड्न छोडिएको छैन । पहाड आफैं संसारको अग्लो भ्यूटावरभन्दा कम छैन, कमिसनको लोभमा कंक्रीटका भ्यूटावरहरूले देशलाई हरिबिजोग गराएको छ, व्यापारघाटा र आन्तरिक अनि बाह्य ऋणमा डुबाएको छ ।

कालेश्वर शिव क्षेत्रको रुद्राभिषेक र पूजापछि हामी देउराली झर्न थाल्यौँ । तल फेदीमा वैतरणी, माथि शिखरमा स्वयम् यमराज अर्थात् कलस्वरूप यमले शिवजीलाई गुहारेको स्थान कालेश्वरको दर्शनले मानिसमा दुर्घटनाको डर नहुने चर्चा छ पुराणहरूमा । स्कन्द पुराणअनुसार अघि ने मुनिले कलिरूप विरूपाक्षलाई पवित्र पार्दै ६४ ज्योतिर्लिङ्गको दर्शन गराएको प्रसँगले नेपालका हाल १० जिल्लाहरूमा ती ज्योतिर्लिंगहरू रहेका छन् । पहिलो स्वरूप सिन्धुलीको कुशेश्वर अनि पशुपतिको रुद्रगारेश्वर हुन् । वैतरणीघाटमा खाना खाएर हामी अघिकै बाटो पच्छ्याउँदै चापागाउँ अनि काठमाडौँ आइपुग्दा हाम्रा कपडा चिन्न नसक्ने भइसकेका थिए धुलोले, अनि झण्डै सास रोकिएको अवस्था थियो । लेलेका केही भाग मात्रै र चापागाउँका केही भाग राम्रो बाटो बाँकी बाटाघाटाहरू दुरुह थिए, धन्न यो देशको लोकतन्त्र, संघीयता र गणतन्त्र त्यता गुडेर नगएकाले देखेको रहेनछ यसले ।

## कविता : पहिचान नभएको प्राणी



ऋचा भट्टराई

म एक पहिचान हीन प्राणी हुँ
कोख, नाता र जमिनले
मलाई हरेक सम्बन्धमा बसाइदियो
तर, म केही बन्न सकिन ।
मलाई जन्माएर- हुर्काएर
आमाले आफ्नो कर्तव्यले मलाई छोरो बनाइन्
मलाई नागरिकता दिएर राष्ट्रले नागरिक बनायो
मैले कसैको शिर सजाउँदा श्रीमान भएँ
प्रेमिल स्पर्शबाट म बाउ भएँ
दिदीलाई बिदाई गरेपछि म मामा भएँ
अवश्य पनि म हरेक नाताहरूले बाँधिए
तर, म कर्तव्यले केही बन्न सकिन ।
आमा ! मैले तोते बोलीमा भनेको
म सधैँ तिमीलाई स्याहारेर तिम्रो सहारा बन्छु !
झुट बनिदिए
त्यो तोते बोलीमा झुट थिएन आमा
तर, जिम्मेवारी बुझ्दै जाँदा झुट बनिदियो

मैले मेरी उनकी आमासँग सुखदुःखमा
सधैँ साथ दिन्छु भनेर बाचा गरेर ल्याएको थिएँ
तर, साथ स्वरूप केबल आश्वासन दिन सक्छु
परिस्थितिले त्यो बाचा पनि झुट बनाइदियो ।

छोराले बाउ भनेर केबल तस्विरले चिन्यो
काखमा खेल्न पाएन
म उसको लागि घोडा बन्न सकिन
मेरो घुँडा उसको लागि ढयाकुस् बन्न सकेन
उसले मेरो काँध चढेर आकाश छुन बल गर्न पाएन
न त भान्जालाई काँध चढाएर गाउँ डुलाउन पाएँ
मिठाई किनिदिएर खुवाउन पाइन
म कर्तव्यले केही बन्न सकिन ।

गरिबीले मुटुको भित्री भागमा पहिरो खसेपछि
म सुटकेस घिसार्न बाध्य भएँ
गरिबीलाई मेटाउँदै गर्दा
म केवल पैसाको स्रोत भएँ
तर कर्तव्यले केही बन्न सकिन ।

सानोमा पढ्दै गर्दा गुरुलाई मेरो देशको गौरव बन्ने छु
म कहाँ अन्त फुल्ने छु भनी भन्दा
गुरु मुसुक्क मुस्कुराउनु भएको सम्झन्छु
आज त्यो मुस्कानले खुब मुटु पोल्छ
त्यो अन्योल मुस्कान आफूले भोगेको स्थिति सम्झेर
थियो कि मेरो खोक्रो आँट देखेर थियो
कुन्नि मैले अझै बुझिन !

तर, यति बुझेँ, देशमा पढ्ने केवल
सर्टिफिकेट निकाल्न रहेछ
अनि नागरिकता पासपोर्ट बनाउन
माफ गर मेरी आमा
म कर्तव्यले छोरा बन्न सकिन
माफ गर पियारी
म कर्तव्यले श्रीमान् बन्न सकिन
माफ गर छोरो
म कर्तव्यले बाउ बन्न सकिन
म कर्तव्यले केही बन्न सकिन ॥

## तपाईंको राशिफल

- मेष : सन्तान सुख प्राप्त हुनेछ । लेनदेनमा सावधानी राख्नुहोला ।
- वृष : लेनदेनमा सावधानी राख्नुहोला । मनोबल उच्च रहनेछ ।
- मिथुन : सामाजिक सहयोग बढ्नेछ । अशान्तिमा वृद्धि हुनेछ ।
- कर्कट : दैनिक जीवन सुखी रहनेछ । साहसिक कार्य सफल हुनेछ ।
- सिंह : विरोधी सक्रिय रहनेछ । धर्मपालनामा रुचि देखिन्छ ।
- कन्या : स्वास्थ्यसम्बन्धी सावधानी जरुरी छ । शत्रु सक्रिय हुनेछ ।
- तुला : मांगलिक कार्य हुने योग छ । खर्चमाथि नियन्त्रण जरुरी छ ।
- वृश्चिक : प्रतिष्ठामा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला ।
- धनु : साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । अहंकार राख्नु हुँदैन ।
- मकर : अनावश्यक विवाद हुने योग छ । बाहिरी सहयोग प्राप्त हुनेछ ।
- कुम्भ : प्रियजनसँग भेटघाट हुनेछ । आकस्मिक लाभ प्राप्त हुनेछ ।
- मीन : जोखिम लिनु हुँदैन । पारिवारिक जीवन सुखी रहन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नर्सिङ होम

कथा



■ ओम बस्नेत

एउटा हातमा मिनरल पानीको बोतल अर्को हातमा छाता छ । तर, छाता चाहिँ 'टु इन वान' भुइँ टेक्ने र पानी छेक्ने हिसाबको । एयर भीउ होटलको अघि छड्के ब्याग भिरेर आउँदै गरेको दल बहादुरलाई देख्छन् निमा लामाले ।

"अरे नमस्कार डी.बी. दाजु कताबाट आउनु भएको यहाँ ?" भनेर सोधे डीबीलाई निमाले ।

"नमस्कार निमा भाई । भाई त झन् जवान पो देखिन्छ त हौ । के खान्छौ हौ आम्मामामा.." भन्दै हात मिलाउँछन् ।

म त डाक्टरकोमा आको थिएँ । नर्सिङ होमले थुप्रो टेस्टहरू गर्नु भन्यो र गरेर आको नी । भाउजु पनि छ । उ त्यहाँ डायग्नोसिस सेन्टरबाट रिपोर्ट ल्याउन्जेल चिया स्या खाऊँ भनेर नी भाई ।"

निरन्तर बोल्दै, "अनि भाई चै कताबाट नी ?" निमालाई सोधे ।

"म पनि उही त हो दार्जिलिङको जाडोमा बस्न सारो पर्दो रहेछ र पर मेथिबारीमा सानो घर बनाएर बसेको छु । युरोको समस्या भएर म पनि नर्सिङ होम नै आको नी दाजु ।"

केही चिसो पिउने सल्लाह मिल्यो र एयर भीउ रेस्टुरेन्टतिर पसे दुई भाइ । मुख बार्ने कुराको छलफलपछि आफ्नो आफ्नो हिसाबको ड्रिंक्स मगाए ।

"हौ आमा चै रिपोर्ट लिएर सिधै छेउको कालो सिसा भएको होटलमा आउनु है ।" डीबीले धर्मपत्नीलाई फोन गरे ।

दुवैजनाले सिक्किम सरकारलाई सेवा दिएर अवकाश प्राप्त गरेका हुन् । निमा १९७९ तिरै सिक्किम पसेका थिए दम्पत्ति नै । दार्जिलिङ फर्केका थिए पछि सिलिगुडीमा बसेरा हालेछन् ।

"अन्त दाजुले पनि धेरै वर्ष अघि पाँच कठ्ठा घडेरी लिएको छु भन्नु हुँदै थियो । त्यो के गर्नु भयो दाजु ?" भनेर निमाले सोधे ।

मुख खुम्च्याएर डीबीले भने, "अरे ठूलो गल्ती गरेछु नी हौ भाइ । जोसुकैलाई विश्वास गर्नु हुँदैन रहेछ है भाइ । मलाई त मेरै सालोले चुना लगायो दश एघार वर्षअघि । पे रिभिजनको पैसा कतातिर लगाई राखौं भनेर विचार गर्दै थियौं बुढा-बुढी । एकदिन मेरो मिसेसको गाउँ पोखरेबुंगबाट सालो केटा आएछन् । दिदी भाइको सल्लाह मानेर पैसा हाल्ने भयौं जग्गामा । पछि बुझ्दा भेस जग्गा रहेछ । त्यो पनि एउटा आदिवासीले कब्जा गऱ्यो । म पनि रिसले सालोको मोटरसाइकल कब्जा गर्नुपऱ्यो भनेर सोचेँ । आखिर त्यो पनि मेरै जमिनको कमिसन खाको पैसाले किनेको हो । अब सालोको मोटर साइकल कब्जा गर्छु भनेको श्रीमतीलाई घरमै भोक हडताल बस्ने घोषणा गरिन । म चुप भएँ । सालो मोराको माया लागि त हाल्दो रहेछ । त्यो हिन्दीमा एउटा उखान छ नी 'सारी खुदाई एक तरफ जोरू का भाई एक तरफ' भने जस्तो भयो । यसपालि फेरि सालो कै जमिन किनेको छ । अब धोका हुँदैन होला । कोर्ट गएर दस औँलाको छाप लगाएर किनेकोले अब डर छैन ।" भने चिल्ड बियरको चुस्की लिए ।

निमाले पनि ह्विस्कीमा आइस थप्दै कुरा अघि बढाए र सोधे, "अन्त दाजु यो दिर्जीलिङ्ग सिक्किम विलय गर्नुपर्छ भन्ने हल्ला पो सुन्दैछु त ।"

"आबुई त्यो चै हुँदै हुँदैन । त्यसो गऱ्यो भने हाम्रो ३७१ स्वाहा हुन्छ । हाम्रो नानीहरूको भविष्य बर्बाद हुन्छ । पढेलेखेकाले काम पाउँदैन । सरकारले पनि धेरै राम्रो काम गर्दैछ । रोगीहरूको सेवाको लागि त सरकारले कस्तो सराहनीय काम गरेको छ । हाम्रो गाउँ बस्ती, खोला नाला, बन जंगल सबैको सुरक्षा गरेकै छ । बाहिरको मान्छेको दखल न होस् भनेर पुरानो कानूनहरू यथावत राखेकै छ । अहिले हामीलाई धेरै राम्रो छ नी ।" भने डीबीले । निमाले पत्याए होला ।

एक सिरिप लगाउँदै अझ कुरा अघि बढाउँछन् डीबी, "सिक्किमका तरुणी तन्देरी भने पछि बाहिरका पढालेखा केटा केटीहरू हुरुक्कै जान्छन् । फेरी हाम्रो खेत बारीमा दबाइ फेक्ट्री के बिघ्न आको । आम्मा मामा...हैट । कम्ता रमाइलो हुँदैन त बस गाडीको ताती हेर्नु ।" एकै सासमा यति भने पछि तिर्खाएर फेरी अर्को घुट्कीमा बियर सक्छन र फेरि अर्डर दिन्छन्, एक राउन्डको । डीबीको कुरा सुनेर निमा छक्क पर्दै सिक्किमको बारेमा सोच्छन् ।

"आफ्नो राज्यको ठूलो अस्पताल, मेडिकल कलेज छोडेर सिलगुडीको स-सानो निजी नर्सिङ होमतिर चक्कर काट्छन् । बुहारीहरू बाहिरका छन्, ज्वाइँहरू बाहिरको छन् । पैतृक सम्पत्ति बेचेर सिलिगुडीमा फ्ल्याट किन्छन्, जमिन पनि किन्छन् र तर कसैले दिर्जीलिङ्ग सिक्किम विलयको कुरा गरे भने बान्टे बस्ने गरी गाली लेख्छन् । वाह भाई दोहोरो चरित्र ।"

डीबीको श्रीमति पनि रिपोर्ट लिएर 'एयर भीउ' रेस्टुरेन्टमा प्रवेश गरेपछि शिष्टाचारको आदान-प्रदान हुन्छ । एक क्षणपछि अटो लिएर पुग्छन् प्रणामी मन्दिर रोड अवस्थित डाक्टर केजरीवालको नर्सिङ होममा । कमसेकम यो नर्सिङ होमले चाहिँ गरिबको दुःख बुझ्छ भन्ने मान्यता रहेछ धेरैको ।

# ११ महिनामा १३ खर्ब १४ अर्बको व्यापार घाटा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ असार ।

चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिना अवधिमा मुलुकले १३ खर्ब १४ अर्ब ४४ करोड बराबर व्यापार घाटा व्यहोरेको छ । भन्सार विभागले आज सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको वैदेशिक व्यापारको तथ्यांकअनुसार यो अवधिमा नेपालले १४ खर्ब ५३ अर्ब ७० करोड ४१ लाखको आयात गर्दा एक खर्ब ३९ अर्ब २६ करोड २३ लाख बराबरको मात्रै निर्यात गरेको हो ।




विभागकाअनुसार ११ महिनामा नेपालले कुल १५ खर्ब ९२ अर्ब ९६ करोड ६५ लाख बराबरको वैदेशिक व्यापार गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा गरेको कूल वैदेशिक व्यापारको तुलनामा यो एक दशमलव ९५ प्रतिशतले कम हो । गत आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्ममा कुल १६ खर्ब २४ अर्ब ५६ करोड बराबरको वैदेशिक व्यापार भएको थियो । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा आयात एक दशमलव ८४, निर्यात तीन दशमलव एक र वैदेशिक व्यापार घाटा एक दशमलव ७२ प्रतिशतले घटेको हो ।

जेठ मसान्तसम्ममा नेपालले भारतसँग मात्र आठ खर्ब १३ अर्ब ७८ करोड २९ लाख बराबर व्यापारघाटा व्यहोरेको छ । भारतसँग नौ खर्ब आठ अर्ब २९ करोड ९२ लाखको आयात हुँदा ९४ अर्ब ५१ करोड बराबरको मात्रै निर्यात भएको छ । अर्को छिमेकी मुलुक चीनसँग ११ महिना अवधिमा दुई खर्ब ७० अर्ब ४० करोड व्यापार घाटा देखिएको छ । चीनबाट दुई खर्ब ७२ अर्ब ८१ करोड को आयात हुँदा दुई अर्ब ४० करोड ९८ लाख बराबर निर्यात देखिएको हो । बढी व्यापार घाटा देखिएका मुलुकको सूचीमा युनाइटेड अरब इमिरेट्स तेस्रो नम्बरमा छ । युएईसँग २८ अर्ब ४८ करोड २५ लाखको आयात र दुई अर्ब ४२ करोड ८३ लाखको निर्यात हुँदा कुल २६ अर्ब पाँच करोड ४२ लाख बराबरको व्यापार घाटा देखिएको हो । नेपालको वैदेशिक व्यापारमा सबैभन्दा नाफा अफगानिस्तानसँग देखिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा अफगानिस्तानबाट एक करोड १६ लाख ९० हजार बराबरको आयात हुँदा ४० करोड ३४ लाख ९७ हजार बराबर निर्यात भएको छ । अर्थात् नेपालले अफगानिस्तानसँगको व्यापारमा ३९ करोड १८ लाख सात हजार बराबर फाइदा गरेको छ । त्यस्तै, नर्वे, सुडान, आइसल्यान्ड, मौरिससलगायतका मुलुकसँगको व्यापारमा पनि नाफा देखिएको छ ।

# बजेट कार्यान्वयन योजना बनाउँदै अर्थ मन्त्रालय



**काठमाडौं/मस** – अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको योजना बनाउने काम थालेको छ । अर्थमन्त्री वर्षमान पुनले बजेट कार्यान्यवन हुन सक्ने गरी वस्तुवादी योजना र बजेटको आकार कूल गार्हस्थ्य उत्पादनलाई अगाडि बढाउने योजना कार्यान्वयनको लागि मन्त्रालयका दुवै सचिव, महाशाखा प्रमुखहरु र भन्सार र राजस्व प्रशासनका उच्च अधिकृतसँग छलफल गरेका छन् । 'खर्च बढाउने गरी र कार्यान्वयन हुन सक्ने गरी वस्तुगत कार्ययोजना बनाऔं', जति समयमै गर्न सकियो र खर्च बढाउन सकियो त्यति नै बजार चलायनमा हुने हो', मन्त्री पुनले भने, 'हामीले अहिले असारमा गरिरहेको खर्च ६ महिनाअघि गर्न पाएको भए दुई/तीनपटक बजारमा 'सर्कुटेल' हुन्थ्यो, त्यसबाट राजस्व संकलन हुन्थ्यो, रोजगारी सिर्जना हुन्थ्यो, हामी परम्परागत नहोऔं, समयमै र छिटै काम गर्ने गरी योजना बनाऔं ।'

पहिलो, दोस्रो र तेस्रो त्रैमासिक योजना बनाएर काम गर्न र दशैं तिहारजस्ता ठूला पर्वको बिदा ख्याल गरेर मात्र कार्ययोजना बनाउन निर्देशन समेत दिए । मन्त्री पुनले नयाँ आयोजनामा भन्दा चालु र ठूला आयोजनालाई केन्द्रित गरेर बजेट ल्याएको चर्चा गरे । चालु आर्थिक वर्षको बजेटमा अवस्तुवादी राजश्व संकलनको लक्ष्य राखिएकाले लक्ष्यभन्दा धेरै काम राजस्व संकलन भएको उनको टिप्पणी छ । 'म अघिल्ला अर्थमन्त्री वा अरु कसैलाई आरोपित गर्न चाहन्न, कार्यान्वयन हुनै नसक्ने ४२ प्रतिशतको राजस्व वृद्धिको लक्ष्य निर्धारण हुनुमा अर्थमन्त्री वा हाम्रो प्रणाली कसको दोष हो, त्यसको पनि समीक्षा हुनुपर्ला', उनले भने ।

पूर्वपश्चिम राजमार्ग विस्तारका लागि ३२ अर्ब बजेट विनियोजन गरिएको चर्चा गर्दै उनले पूरा नगरी नहुने अरु चालु आयोजनाको निर्माण सक्ने गरी बजेट व्यवस्था गरिएको जनाए । त्यसले रोजगारी सृजना गर्नुका साथै मुलुकको समग्र अर्थतन्त्रमै योगदान पुग्ने मन्त्री पुनले उल्लेख गरे । मन्त्री पुनले स्थानीयतहमा जाने समानीकरण रकम तत्काल निकासा गर्न निर्देशन दिए । '७ सय ५३ वटै स्थानीय तह बजेट ल्याउने अन्तिम तयारीमा छन्, समानीकरणको बजेट सकेसम्म शतप्रतिशत नै पठाऔं, नभए पनि अघिल्लो वर्षको भन्दा बढी जाने व्यवस्था मिलाऔं', मन्त्री पुनले कर्मचारीलाई निर्देशन दिँदै भने । उनले कर्मचारीलाई उच्च मनोबल र आँटका साथ काम गर्न निर्देशन दिँदै कानूनसम्मत काम गर्दा नडराउन आग्रह गरे । मन्त्री वा मन्त्रीभन्दा माथिल्लो ओहोदाका कसैले कानूनबाहिर गएर काम गर्न निर्देशन दिए अवज्ञा गर्न उनको सुझाव थियो । फरक प्रसंगमा मन्त्री पुनले आफू करिब चार महिनाअघि मन्त्रीका रुपमा आउँदा एक हजार फाइल 'पेन्डिङ' मा रहेको चर्चा गर्दै अहिले आफ्नो टेबलमा आएको फाइल एक दिन पनि नरोकिएको बताए ।

आगामी आर्थिक वर्षका लागि सार्वजनिक वित्त नीति (बजेट) वस्तुगत र यथार्थपरक आएकामा सबैतिरबाट प्रशंसा भएको उनले बताए । मन्त्री पुनले नेपाल राष्ट्रबैंकले वित्त नीतिसँग तालमेल हुने गरी आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति ल्याउने विश्वास व्यक्त गरे ।

# विश्व बैंकको आईडीए बैठक सम्पन्न




**काठमाडौं/मस**– विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास संघ (आईडीए-२१) को तेस्रो परिपूरण बैठक सकिएको छ । चार दिनसम्म काठमाडौमा चलेको बैठकको अर्थमन्त्री वर्षमान पुन अनन्तले शुक्रबार समापन गरे । मन्त्री पुनले विश्वव्यापी विकास चुनौतीहरु सम्बोधन गर्न समर्पित विकास साझेदार, ऋणी र व्यवस्थापकहरु सहभागी विशिष्ट बैठक आयोजना गर्न पाउनु नेपालका लागि ठूलो अवसर भएको बताए । दशकौंदेखि गरिबी हटाउन र दिगो विकास हासिल गर्न प्रयासरत आईडीए मुलुकहरुका लागि बैठक उपलब्धीमुलक भएको उल्लेख गरे । बैठकले संसारभरबाट गरिबी र अविकास अन्त्यका लागि जारी अभियानलाई निरन्तरता दिने संकल्प गरेकामा धन्यवाद दिए । 'गरिबी अन्त्य र दिगो विकासका लागि प्रतिबद्ध देशहरुका लागि सहयोग र समर्थन जारी राख्ने काठमाडौं भेलाको सामूहिक निर्णयका लागि आभार व्यक्त गर्दछु', उनले भने, 'तपाईंहरुले अविकसित मुलुकहरुका लागि आगामी दिनमा पनि बलियो विकास सहायता र अन्तर्राष्ट्रिय समर्थन दिने कुराको सुनिश्चितता गर्नुभएको छ ।'

बैठकका निष्कर्ष र रणनीतिहरु विश्व बैंक र अरु विकास सझेदार हरुबाट विकास वित्त प्राप्त गर्दै आएका आईडीए मुलुकहरु र ऋण दाता मुलुकहरुका लागि खुसीको विषय भएको मन्त्री पुनले बताए । आईडीए मुलुकहरुलाई कमजोर आर्थिक विकास र गरिबीको अवस्थाबाट माथि उठाएर बस्न लायक बनाउन बैठकले निकालेका निस्कर्ष प्रभावकारी हुने विश्वास उनको थियो । उनले धेरै आईडीए मुलुकहरुले आर्थिक चुनौतीका कारण गरिबी र असमानता, खाद्य असुरक्षा, श्रोतको सीमितता, ऋण भुक्तानीको दबाबजस्ता समस्या झेलिरहेको औंल्याए । उक्त अवस्थाको अन्त्यका लागि बाह्य सहयोग र लगानी भित्र्याउनुपर्ने आवश्यकता रहेको बताए । 'यी चुनौतीहरुका कारण विकास सहायता र अन्तर्राष्ट्रिय सहयोगको निरन्तरताको प्रतिबद्धता माग गर्दछ', उनले भने । उनले आईडीए मुलुकका जनताका लागि विद्युत पहुँच, गुणस्तरीय स्वास्थ्य र शिक्षा तथा पोषणयुक्त खाद्यान्नमा जोड दिनुपर्ने उल्लेख गरे । मन्त्री पुनले जलवायु परिवर्तन, लैङ्गिक असमानता, गरिबी अन्त्यजस्ता एजेण्डामा सामूहिक प्रयास र प्रतिबद्धता जरुरी रहेको औंल्याए ।

उदघाटनसत्रपछि तीन दिनसम्म बन्दसत्र चलेको थियो । बन्दशत्रमा आगामी ३ वर्षका लागि गरिब र न्यून आय भएका मुलुकका लागि प्रदान गरिने सहुलियतपूर्ण ऋण तथा अनुदान सहायताका प्राथमिकता क्षेत्र, नीति ढाँचा, नतिजा खाका र सो को लागि आवश्यक वित्तीय स्रोतको प्रतिवद्धता व्यक्त गर्ने सम्बन्धमा दातृ पक्ष, सहायता प्राप्त गर्ने देशका प्रतिनिधि र विश्व बैंकका उच्च पदस्थ पदाधिकारीहरु बीच छलफल भएको छ । विकास अनुभव र सफल मोडलको जानकारी विश्व समुदायलाई दिनुका साथै नेपालका विकास प्राथमिकतालाई आईडीएको नीति प्राथमिकतासँग तादम्य गराउन अवसर मिलेको, अन्तर्राष्ट्रिय स्तरमा पहिचान बढेको, आगामी दिनमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका ठूला कार्यक्रम सञ्चालन गर्न आत्मविश्वास बढेको तथा पर्यटन प्रवर्द्धन र अर्थतन्त्रमा समेत टेवा पुगेको विश्वास लिइएको अर्थ मन्त्रालयका प्रवक्ता सहसचिव उत्तरकुमार खत्रीले बताए ।

विश्व बैंक समूहले नेपालमा आयोजना गरेको यो हालसम्मकै ठूलो कार्यक्रम हो । बैठकले न्यून आय भएका मुलुकका लागि आगामी वर्षहरुमा गर्ने सहयोगसम्बन्धी रणनीति तय गरेको छ ।

# माछापुच्छ्रे र अन्नपूर्ण बेस क्याम्पमा टेलिकमको फोरजी विस्तार



**काठमाडौं/मस** – नेपाल टेलिकमले माछापुच्छ्रे बेस क्याम्प र अन्नपूर्ण बेस क्याम्प क्षेत्रलाई लक्षित गरी फोरजी सेवा विस्तार गरेको छ । कास्कीको अन्नपूर्ण पदमार्ग क्षेत्रको माछापुच्छ्रे बेस क्याम्पमा नयाँ बिटिएस जडान गरेर नेपाल टेलिकमले उक्त क्षेत्रमा फोरजी सेवा विस्तार गरेको नेपाल टिलिकमका प्रवक्ता हरि ढकालले जानकारी दिए ।

उनकाअनुसार उक्त पदमार्ग क्षेत्रमा पर्ने देउरालीमा रहेको टुजी मोबाइल सेवालाई स्तरोन्नति गरी सो क्षेत्रमा पनि फोरजी सेवा विस्तार गरेको हो । यो टावर समुद्री सतहबाट करिब ४ हजार मिटरको उचाइमा रहेका टेलिकमले जनाएको छ ।

कास्कीका मनमोहक पर्यटकीय स्थलहरु माछापुच्छ्रे बेस क्याम्प एवं अन्नपूर्ण बेस क्याम्पमा सेवा विस्तार भएसँगै यस क्षेत्रका स्थानीय बासिन्दा, घुम्न आउने पर्यटकहरु तथा यस भेगका पर्यटनलगायत टेलिकमको फोरजी सेवाबाट लाभान्वित हुने टेलिकमले दाबी गरेको छ ।

# समृद्धि फाइनान्सको औरही शाखाले मनायो पहिलो वार्षिकोत्सव

**काठमाडौं/मस** – समृद्धि फाइनान्स कम्पनीको औरही शाखा कार्यालयले आफ्नो पहिलो वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरेको छ । फाइनान्सको औरही शाखाले औरही नगरपालिकाका स्थानीय व्यापारीहरु, वचतकर्ताहरु, समाजसेवी, सुरक्षा निकायका प्रतिनिधि आदिको उपस्थितिमा वार्षिकोत्सव सम्पन्न गरेको हो । कार्यक्रममा विभिन्न व्यक्तिहरुले आ-आफ्नो विचार व्यक्त गर्दै फाइनान्सको प्रगतिको लागि शुभकामना व्यक्त गरेका थिए ।

समृद्धि फाइनान्सले हाल तेह्र वटा शाखाहरुमार्फत् नगद कारोवार, आर.टि.जि.एस, आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिङ लगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको छ भने मोबाइल बैंकिङ, डेबीट कार्ड, क्यूआर कोड आदि डिजिटल सुविधाहरु निःशुल्क प्रदान गरिरहेको जनाएको छ ।

# जाजरकोटको खलंगामा प्रभु बैंकको नयाँ शाखा




**काठमाडौं/मस** – प्रभु बैंकले जाजरकोटको खलंगामा आफ्नो शाखा सञ्जाल विस्तार गरेर सेवा सञ्चालन शुरु गरेको छ । बैंकले असार ७ देखि जाजरकोट, भेरी नगरपालिका, वडा नं. ४ स्थित खलंगा बजारमा आफ्नो ३०७औं शाखा खोली कार्यालयको सेवा सञ्चालनमा ल्याएको हो ।

प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै विभिन्न ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहज रुपमा बैंकिङ सेवा विस्तार गरेको छ । बैंकको जाजरकोट शाखामार्फत् स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यावसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र यस क्षेत्रको समग्र आर्थिक उन्नतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।

# ग्लोबल आइएमईका ग्राहकलाई आरुष लाइफस्टाइलमा छुट




**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंकका ग्राहकहरुले आरुष लाइफस्टाइल अस्पतालमा सहुलियतमा सेवा पाउने भएका छन् । बैंक र अस्पतालबीचमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्तालाई अस्पतालका विभिन्न सेवामा ३० प्रतिशतसम्म छुट प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो ।

समझदारी पत्रमा बैंकका चिफ मार्केटिङ अफिसर दिलीप पोखरेल र आरुष लाइफस्टाइल हस्पिटल प्रालिका प्रमुख कार्यकारी अधिकृत डा. सन्तोष शाक्यले हस्ताक्षर गरेका छन् । समझदारीअनुसार बैंकको डेबिट र क्रेडिट कार्डबाहक तथा बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताले आरुष लाइफस्टाइल हस्पिटलमा उपलब्ध सेवामा १० देखि ३० प्रतिशतसम्म छुट पाउनेछन् ।

बैंकका ग्राहकले आरुष लाइफस्टाइल हस्पिटलको कुपण्डोल हाइट, ठिमी चारदोबाटो (शंखधर चोक), टुसाल बौद्धनाथ मार्ग, न्यूरोड पोखरा, वरगाछी विराटनगर स्थित शाखा कार्यालयहरुबाट पनि उपलब्ध हुने सेवामा उक्त छुट पाउनेछन् । ग्राहकको सुविधालाई मद्देनजर गरी बैंकले विभिन्न हस्पिटल तथा सम्बन्धित संघसंस्थासँग समन्वय गरी यस्ता किसिमका योजना ल्याएर ग्राहकलाई प्रत्यक्ष रुपमा लाभान्वित गर्दै आएको छ ।

# कुमारी बैंक र एनडी थर्टी नाइन ग्रुपबीच सम्झौता




**काठमाडौं/मस** – कुमारी बैंक लिमिटेड र एनडी थर्टी नाइन बिजनेस ग्रुप प्रालि (फिल्ली)बीच सम्झौता भएको छ । सम्झौता अनुसार कुमारी बैंकका ग्राहकले फिल्लीका लाजिम्पाट, लबिम मल पुल्चोक, ठमेल र बैद्धिस्थित शाखाहरुबाट सेवा लिए बापत गर्नुपर्ने कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआरमार्फत भुक्तानी गर्दा १० प्रतिशत छुट प्राप्त गर्नेछन् ।

कुमारी बैंकले देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ४९ विस्तारित काउन्टर तथा ५९ शाखा रहित बैंकिङ इकाईहरुमार्फत् सेवाहरु प्रदान गर्दै आइरहेको छ ।


## यूएईमा रोजगार

कम्पनी: OKOOL MANPOWER RECRUITMENT SERVICES SOLE PR
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१२ /०६ चलानी नं.: ६०१९८४७७ LT. No.: 282895 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 9 | 0 | स. काममा दक्ष | 1800 | ६५,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १५ गते (29 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu , Tel : 01-4957256, Mob: 9741690732, 9829217688, 9851100368
Website nicemanpower.com. E-mail: nicerecruitingagency1062@gmail.com

## Cyprus मा महिलाहरूलाई रोजगारको अवसर

१.कम्पनी:- C & C Private Employment Agency., Cyprus, Paphos.
पूर्व स्वीकृती मितिः- २०८१।३।५ चलानी नं.६०२२१४३४ LT.No. 306683

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 400 | ५७,३१२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

२.कम्पनी:- C & C Private Employment Agency., Cyprus, Paphos.
पूर्व स्वीकृती मितिः- २०८१।३।५ चलानी नं.६०२२१४३५ LT.No. 306684

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 400 | ५७,३१२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ असार १६ गते (30 June, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## UAE मा रोजगार

1. Trustworthy Pioneer Contracting L.L.C
पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०८०/०३/०७ चलानी नं. ६०२०३५१० LT No. 288221

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Brick Mason | 29 | 0 | काममा दक्ष | 1200 | ४३,८०६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Construction Carpenter | 24 | 0 | काममा दक्ष | 1200 | ४३,८०६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| ३. | Reinforcing Fitter | 28 | 0 | काममा दक्ष | 1200 | ४३,८०६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| ४. | Labourer | 39 | 0 | काममा दक्ष | 800 | २९,२०४।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

2. Asia Prime General Contracting CO. L.L.C.
पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०८०/१०/१७ चलानी नं. ६०२१४११४ LT No. : 299130

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खान सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper | 50 | 00 | साधारण | 850 | ३१,०२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८१ असार १५ गते (29 Jun., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

गो.हु.का.द.नं. ३३/०६९/०७०
मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
८ असार २०८१, शनिबार
22 June 2024, Saturday

# बक्स अफिस समाचार



## 'नेपालीपन झल्कने फेशनलाई विश्व बजारमा पुऱ्याउनुपर्छ'

शारीरिक बनावट जस्तो भएपनि उसले लगाएको पहिरनले मानिसलाई थप आकर्षक बनाइरहेको हुन्छ । यस्तो कार्यमा एउटा कुशल ड्रेस डिजाइनको महत्वपूर्ण भूमिका रहन्छ । पछिल्लो समय नेपालीहरु पनि ड्रेसअपमा निकै सचेत हुन थालेका छन् । अहिले बजारमा फरक-फरक डिजाइनका ड्रेस उपलब्ध हुन थालेको छ । यसले गर्दा क्रिएटिभ डिजाइनरको भविष्य नेपालमा निकै राम्रो छ । राम्रो क्षमता भएका डिजाइनरहरु अन्तर्राष्ट्रिय बजारमा समेत जान सक्ने वातावरण बनिसकेको छ । लामो समयदेखि ' पटुकी पोषाक' सञ्चालन गर्दै आइरहेकी सन्जिता बराल आफूलाई ड्रेस डिजाइनरको भिडमा अघिल्लो पंक्तिमा उभ्याउन सक्षम देखिन्छिन् । नेपालमा हुने सुन्दरी प्रतियोगिता र ठूला-ठूला फेशन शोहरुका लागि ड्रेस डिजाइन गर्नेमात्र नभएर उनको डिजाइन नेपालभित्र भन्दा पनि बाहिर धेरै जाने गरेको छ । चुलो चौकोभित्र सीमित कयौं महिलाहरुलाई फेशन डिजाइनसम्बन्धी प्रशिक्षण दिएर आत्मनिर्भर बन्न सहयोग गर्दै आइरहेकी अहिलेकी व्यस्त ड्रेस डिजाइनर सन्जिता बरालसँग मध्यान्ह दैनिकका लागि लक्ष्मण पोखरेलले गरेको कुराकानीको सम्पादित अंश :

**यतिबेला केमा व्यस्त हुनुहुन्छ ?**

हालै सम्पन्न 'द पोएट आइडल सिजन २'का निर्णायकमध्यकी केकी अधिकारीका लागि ड्रेस मैले नै तयार पारकी हुँ । केही समय त्यतै व्यस्त भैयो । अहिले 'मिस नेपाल २०८१'का लागि ड्रेसको काममा जुटिरहेकी छु ।

**योभन्दा पहिले कुन-कुन शोहरुमा काम गर्नुभयो ?**

मेगा मोडल सिजन ४, मिस वर्ल्ड, मिस अर्थ र मिस इन्टरनेशनल, नेकस्ट सुपर मोडल २०१७, सिन्ड्रेला नेपाल २०१७, मिस एण्ड मिसेज नेपाल २०१८, मिस नेपाललगायत दर्जनौं बिग इभेन्टहरुमा काम गरिसकेको छु ।

**अहिले ड्रेस डिजाइनको अवस्था कस्तो छ ?**

फेशनप्रति युवाहरु सचेत देखिन्छन् । फेशन डिजाइनिङ जहाँ खोले पनि व्यवसाय चलेकै छ । यहाँ ड्रेसको निकै प्रतिस्पर्धा छ । व्यक्तिको इच्छाअनुसारको ड्रेस उपलब्ध हुने भएकाले फरक-फरक डिजाइन आफ्नो इच्छाले बनाइराखेका छन् । जसलाई जे लगाउन मन लाग्यो त्यही फेशनमा चलेको छ ।

**फेशनमा परिवर्तन आएको जस्तो लाग्दैन ?**

समयको परिवर्तनसँगै मानिसको पहिरनमा फरकपन देखिनु स्वभाविक हो । पहिले जस्तो छैन अहिले जस्तो लगायो त्यो नै फेशन बनिदिन्छ । आज एउटाले एउटा फेशनको कपडा लगायो भने त्यही खालको सबैले बनाउन थाल्नु हुन्छ ।

**के ग्राहकहरु ड्रेसप्रति समझदार भएका हुन् ?**

हामी कहाँ अहिले फेशनको राम्रो अवस्था छ । सबैले आफूलाई फेशनेवल नै बनाउन चाहिरहेको हुन्छ । दिन प्रतिदिन फेशनेवल हुनु उमेरअनुसारको चाहना र समयको माग पनि होला । कस्तो कार्यक्रममा कस्तो ड्रेस लगाउने भन्ने ज्ञान हुनुका साथै कस्तो कलरको व्यक्तिलाई कस्तो कलर सुहाँउछ भन्ने कुरामा पनि ज्ञान हुनु आवश्यक छ । जसले गर्दा व्यक्तिको व्यक्तित्वमा थप सुन्दरता झल्कियोस् ।

**फेशनेवल हुन चाहनुको कारण ?**

संसारको जुनसुकै कुनामा नयाँ डिजाइन आयो भने सञ्चारका विभिन्न माध्यमबाट क्षणमै हाम्रोमा आइपुग्छ । अन्तर्राष्ट्रिय पहुँच भएका सामाजिक सञ्जाल नै यसको मुख्य कारण हो । यसले फेशन डिजाइनको क्षेत्रमा काम गर्नेलाई सहज पनि बनाइदिएको छ ।

**आर्थिकरुपले यो व्यवसाय कस्तो छ ?**

क्रियशनमा निर्भर गर्छ । जति राम्रो क्रियशन बजारमा दिन सक्यो उति नै फाइदा । मेरो पटुकी पोषाकमा मसँगै मेरा अन्य कर्मचारीहरुको व्यस्तता देख्दा यो व्यवसायबाट सन्तुष्ट छु ।

**कस्तो खालको डिजाइनको माग बढी आउँछ ?**

म सबै किसिमको डिजाइन गर्छु । नेपाली, इन्डियन आदि । ग्राहकको अर्डरअनुसार साडी, गाउन, लेहँगा आदि सबै गर्छु । इभेन्टहरुका लागि भने अलि फरक डिजाइनको माग हुन्छ ।

**पटुकी पोषाकको उत्पादन यहीँ मात्र खपत हुन्छ कि ?**

देशमा मात्र नभएर विदेशमा रहनु हुनेहरुले पनि नेपालीपन, ड्रेस डिजाइन धेरै लगाउन खोज्नुहुन्छ र उहाँहरुको रुची अनुसारको ड्रेस डिजाइन गरेर उपलब्ध गराउने कार्यलाई पनि निरन्तरता दिँदै आइरहेका छौं ।

## मिस एण्ड मिसेस ब्युटीफुल नेपालको फिनाले असार २० गते



**काठमाडौं/मस–** मिस एण्ड मिसेस ब्युटीफुल नेपाल २०२४ को ग्राण्ड फिनाले आगामी असार २० गते राष्ट्रिय नाच घर जमल काठमाडौमा हुने भएको छ । जसको ट्यालेन्ट शो आज शनिबार बानेश्वरमा हुँदै छ ।

लामो समयदेखि सौन्दर्यक्षेत्रमा जमेका मेकअप आर्टिष्ट टेकराज पाण्डेको इभेन्ट कम्पनी दक्ष इन्टरनेशनल र राज ब्युटी एकेडेमी एण्ड मेकअप स्टुडियोको आयोजनामा हुन लागेको 'मिस ब्युटीफुल नेपाल'को नवौं संस्करण र 'मिसेस ब्युटीफुल नेपाल'को आठौं संस्करणको ग्राण्ड फिनाले हुन लागेको हो । दुबै समूहमा गरी १६ सहभागी अहिले प्रशिक्षणको चरणमा रहेका छन् ।

दक्ष इन्टरनेशनलका प्रमुखसमेत रहेका मेकअप आर्टिष्ट पाण्डेका अनुसार विगतभन्दा यस वर्ष प्रतियोगितलाई फरक ढंगले प्रस्तुत गरिने छ । उनका अनुसार प्रतिस्पर्धामा ईश्वरी हमाल ठकुरी, विपना मल्ल, मेनुका कार्की, सज्जा मिजार, सञ्जिता तामाङ, उर्मिला रेग्मी, जेलिना भट्टराई र इशु सिं ठकुरी तथा रमिता बज्राचार्य, विजया अधिकारी, लक्ष्मी कुमारी बस्नेत, अनिशा श्रेष्ठ, प्रविन कला राई, लक्षिमा थारु, रञ्जना सखाकर्मी र रितु रुनियार छन् ।

कार्यक्रम व्यवस्थापक एवम् सौन्दर्यकर्मी गीता उप्रेतीका अनुसार प्रतिस्पर्धीहरूको शैक्षिक विकास, व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, रोजगारीको अवसरका साथै उनीहरूको आन्तरिक क्षमता उजागर गरी नेतृत्वदायी क्षमताको विकास गराइ एक कुसल शिक्षित व्यक्तिको रुपमा अगाडि आउन सहयोग गर्ने हेतुले कार्यक्रम आयोजना गरिएको हो ।

## 'आचार्य' र 'दान्भी' प्रदर्शनमा

**काठमाडौं/मस–** शुक्रबारदेखि दुई नेपाली चलचित्र 'आचार्य' र 'दान्भी'को प्रदर्शन शुरु गरिएको छ । चलचित्र 'आचार्य' स्वर्गीय भजन शिरोमणि वर्ष अगाडि नै प्रदर्शन गरेका थियौं । त्यसबेला डिजिटल प्रविधिका चलचित्र भवन कम हुनुका साथै यस्ता चलचित्रका दर्शक कम थिए । अहिले बुबाको चलचित्रलाई पुनः

शुक्रबारदेखि नै प्रदर्शन भएको चलचित्र 'दान्भी'मा अभिनेत्री पूजा शर्मासहित कुन्साङ बम्जन, किरण श्रेष्ठ, विशाल पहाडी, राजाराम पौडेललगायतका कलाकारले




गायक भक्तराज आचार्यको जीवनीमा आधारित रहेर १३ वर्ष अगाडि निर्माण गरिएको थियो । चलचित्रका केही दृश्य सम्पादनसहित शुक्रबारदेखि पुनः प्रदर्शन गरिएको हो । प्रशान्त रसाइलीको निर्देशनमा तयार भएको चलचित्रमा स्वर्गीय गायक आचार्यको भूमिका उनकै छोरा सत्यराज आचार्यले निर्वाह गरेका छन् ।

'चलचित्र हामीले १३ प्रदर्शन गर्न आग्रह आएपछि प्रदर्शन गरिएको हो,' गायक तथा अभिनेता आचार्यले भने ।

चलचित्रमा गायक आचार्यसँगै सुनिल पोखरेल, अरुणा कार्की, दयाहाङ राई, विपीन कार्की, सौगात मल्लगायतले अभिनय गरेका छन् । गायक आचार्यको ८२ वर्षको उमेरमा गत फागुन १४ गते निधन भएको थियो ।

अभिनय गरेका छन् । रुपेश तामाङले निर्देशन गरेको चलचित्र नेपालसँगै भारतमा समेत छायाँकन गरिएको छ ।

महिला केन्द्रित एक्सन फिल्म कमै बनिरहेको समयमा 'दान्भी'मा अभिनेत्री पूजा शर्मा एक्सन अवतारमा प्रस्तुत छिन् । पहिलोपटक उनले एक्सन भूमिका गरेकी हुन् । ट्रेलरमा उनको एक्सनको प्रशंसा भएको थियो ।

## 'घरज्वाइँ'को गीतमा दयाहाङ र मिरुनाको प्रेम



**काठमाडौं/मस–** फिल्म 'घरज्वाइँ'को पहिलो गीत सार्वजनिक गरिएको छ । मगर समुदायको परम्परा, संस्कार र संस्कृतिमा आधारित भएर बनेको फिल्म 'घरज्वाइँ'को ' बिन्जुरी' बोलको गीत सार्वजनिक गरिएको हो ।

गीतमा फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरबीचको प्रेमभावलाई प्रस्तुत गरिएको छ । गीतमा मिरुनालाई ' बिन्जुरी'को रुपमा सम्बोधन गरिएको छ । जसको अर्थ फूल हो । एसडी योगीको स्वर र संगीतमा तयार भएको यो गीतमा राम अविरलको शब्द छ । अनिल बुढामगरको निर्देशन रहेको फिल्ममा दयाहाङ र मिरुनासहित शिशिर बाङ्देल, भोलाराज सापकोटा, बुद्धि तामाङ, पुष्कर गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आले, अनु थापा, बिना थापा मगर, सोनाम लामा, विवेश बुढा मगर, सुनिल मगर लगायतको अभिनय रहेको छ ।

जिएम मुभिज् र एबीएम सिनेमा प्रोडक्सनको संयुक्त ब्यानरमा निर्माण भएको फिल्मका निर्माता जनक घर्ती मगर हुन् । पूर्वी रुकुम आसपासमा छायांकन गरिएको फिल्मको कथा पनि निर्देशक अनिल आफैंले लेखेका हुन् । उनलाई पटकथा तथा संवाद लेखनमा भने विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन् । फिल्ममा सुसन प्रजापतिको छायांकन र कृष्ण भण्डारीको सम्पादन रहेको छ । फिल्मलाई असार २८ गतेबाट प्रदर्शनमा ल्याउने तयारी रहेको छ ।

**संक्रामक रोगबाट बचौं र बचाऔं।**

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"*

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमक, झापा
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**प्रकाशित मिति : २०८१।०३।०८**

दमक नगरपालिकाद्धारा वडागत D Category Lab Setup का लागि प्रयोगशाला मेसिन र केमिकल तथा एसेसोरिज खरिद गर्न मिति २०८१।०२।२० गतेको बिद्युतीय बोलपत्र सूचना ठेक्का नं. DMO/JHAPA/HEALTHSECTION/LAB/2080–81 मा पेश भएका बोलपत्रहरुका सम्बन्धमा प्रयोगशाला मेसिन र सो मेसिनमा प्रयोग हुने केमिकल समेतको मुल्याङ्कन गरि दमक नगरपालिकाको २०८१।०३।०७ गतेको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | फर्मको नाम | स्लाईस | कबोल अंक (मु.अ.कर वाहेक) |
|---|---|---|---|
| १ | चामुण्डा ट्रेडिङ्ग हाउस, काठमाण्डौ | स्लाईस नं. १ | १६,७०,०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**